लालझाडी गाउँपालिकामा मुख्य रुपमा दोदा नदि र जमिनमुनिको पानि प्रमुख जलाधारको रुपमा रहेका छन । धेरै जसो घरपरिवारले सिंचाईका लागि ट्युवेल, खोलानालाको पानिको प्रयोग गरिरहेको रहेकोछो छ । भने केहि घरपरिवारले कुलो लगायत खोल्सा प्रयोग गरिरहेको देखिन्छ । यस गाउँपालिकामा उपलब्ध जलस्रोत तथा जलाधार क्षेत्रको विवरण निम्न बमोजिम रहेको छ ।

| क.स. | जलाधार र उपजलाधार | वडा नं. र प्रकार (नहर, खोला, खोल्सा, कुलो आदि) |
|---|---|---|
| १ | सिद्धबावा कुण्डा ताल, बाणा नाला, माकुरी ताल, तरबरह्या ताल, वृत्तिया नाला, हेगना नाला, लमैया नाला | १ |
| २ | अजैनाकुण्डा ताल, पिपरमण्डा ताल, कुरी ताल, सिंगडी नाला, खररा नाला | २ |
| ३ | ललपंखी ताल, ढकैना ताल, घंगेश्वर नाला | ३ |
| ४ | चरमकुन्डीया ताल, बुड्नी ताल, स्याली नदी, बनारा नदी | ४ |
| ५ | गडबिजला ताल, कालिकिच ताल | ५ |
| ६ | दोदा नदी | १,२,३,४,५ |
| ७ | जमिनमुनीको सिंचाई बोरिङ्ग | १,२,३,४,५ र ६ |

श्रोतः स्थानीय सुचना, लालझाडी गाउँपालिका

**पानीको मुहान सम्बन्धी विवरण**

लालझाडी गाउँपालिकामा पानिको मुख्य स्रोतको रुपमा जमिनको सतहमुनीको हेन्ड पम्पको पानी नै प्रयोगमा रहेको छ । जुन पानी स्वीथ्यको हिसावले त्यती उपयुक्त देखिदैन स्वच्छ र सफा पानिको प्रयोग गर्न नसकिदा लालझाडी गाउँपालिकामा रहेका अधिकांस जनसंख्या पानि जन्यरोगहरुको कारण विरामी भैरहने देखिदै आएको छ । पानिकै कारण धरै जसो रोगहरुलाग्ने भएकाले समयमै स्वच्छ र सफा पानि व्यवस्थापनका कार्यक्रम संचालन गर्नु पर्ने छ ।

**नदि तथा खोला सम्बन्धी विवरण**

लालझाडी गाउँपालिकामा दोदा नदी, स्याली नदी, र वनारा नदी गरी मुख्य रुपमा ३ वटा नदीहरु रहेका छन भने स साना नालाहरु पनी धेरै रहेका छन । प्राय जसो १,२,३,४,५ वडामा यि नदीहरुले समय समयमा डुवान समेत भई वस्ती नै विस्थापित गरेका थियो । बर्षायाममा यि नदिहरुले डुवानको समस्या जहिलेनी रहिरहने गर्दछ । यस गाउँपालिकामा धेरै जसो घरपरिवारले सिंचाईको लागी नदी, नाला तथा डिप बोरिङ्गको पानी नै प्रयोग गर्ने गरेका छन । यस गाउँपालिकामा उपलब्ध नदि तथा खोला सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ ।

| क.स. | खोलाको नाम | वडा नं. |
|---|---|---|

| | | |
|---|---|---|
| १ | दोदा नदी | १,२,३,४,५ |
| २ | बाणा नाला | १ |
| ३ | वृत्तिया नाला | १ |
| ४ | हेगना नाला | १ |
| ५ | लमैया नाला | १ |
| ६ | सिंगडी नाला | २ |
| ७ | खररा नाला | २ |
| ८ | घंगेश्वर नाला | ३ |
| ९ | स्याली नदी | ४ |
| १० | बनारा नदी | ४ |

श्रोतः स्थानीय सुचना, लालझाडी गाउँपालिका

**तालतलैया र पोखरी र सीमसार क्षेत्र सम्बन्धी विवरण**

लालझाडी गाउँपालिकामा अवस्थित विभिन्न तालतलैया तथा प्राकृतिक पोखरीहरुको विवरण प्रस्तुत गरिएको छ । यस विवरण अनुसार वडा नं. १ र २ मा सबै भन्दा बढि पोखरी रहेको देखिन्छ भने वार्ड नं. ६ मा कुनै पनी पोखरि तालहरु छैन ।लालझाडी गाउँपालिकामा रहेका तालतलैया,पोखरी र सीमसार क्षेत्र सम्बन्धी विवरण निम्न अनुसार रहेको छ ।

| क.स. | पोखरी रहेको स्थान | वडा नम्बर | पोखरी क्षेत्रफल (विघा वा रोपनी) | क्षेत्रफल वर्ग कि मी | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सिद्धबावा कुण्डा ताल(माकुर ताल) | १ | ३.५ विगा | | |
| २ | तरबरह्या ताल (बड्की) | १ | २.५ विगा | | |
| ३ | ढुटवाकुण्डा ताल | १ | १.५ विगा | | |
| ४ | सनवोरा ताल (छोट्की ) | १ | २ विगा | | |
| ५ | लामा ताल | १ | ४ विगा | | |
| ६ | निलकुण्डा ताल | १ | २ विगा | | |
| ७ | जमन्याहा ताल | १ | ५ विगा | | |
| ८ | अजाईनकुण्डा ताल | २ | ३ विघा | | |
| ९ | पिपरमण्डा ताल | २ | १.५ विघा | | |
| १० | कुरी ताल | २ | १ विगा | | |
| ११ | ललपंखी ताल | ३ | ३ विगा | | |
| १२ | ढकनैह्या ताल | ३ | १ विगा | | |
| १३ | चमरकुन्डीया ताल | ४ | १ विगा | | |
| १४ | बुड्नी ताल | ४ | १.५ विगा | | |
| १५ | वनहरा ताल | ४ | ५ विगा | | |
| १६ | गडबिजला ताल | ५ | १८ विगा | | |
| १७ | कालिकिच ताल | ५ | १० कट्टा | | |
| **जम्मा** | | | **५६ विगा** | | |

श्रोतः स्थानीय सुचना, लालझाडी गाउपालिका

## २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

गाउँपालिका क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामीण वडाहरूमा वायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ । गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक

संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ । अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको प्रचलन यथावतै छ । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दाले पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्व दिने एउटा संस्कृतिनै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

जलवायु परिर्वतनका असरहरूलाई न्यूनिकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । गाउँपालिका क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ । यसक्षेत्रको खानेपानी, सिँचाइ, र विभीन्न ठाउँमा रहेका कृषि, पशुपालन, पूर्वाधारका योजनामा आगामी दिनमा जलवायु परिवर्तनको प्रभावबाट हुने जोखिमलाई कसरी न्यूनीकरण गर्ने वा अनुकूलनका प्रयासको थालनी गर्ने भन्ने विषय गम्भीर रूपमा देखिन थालेकोछ । तीव्र शहरीकरणबाट वन, र उर्वर भूमि माथि  वढदै गएको चाप र जलवायु परिर्वतनबाट सृजित भएका र भविष्यमा हुन सक्ने दुश्प्रभावलाई कसरी न्यूनीकरण वा अनुकूलन गर्ने भन्ने विषय गाउँपालिकाको सामु एक प्रश्नको रूपमा देखिएको छ । कृषि क्षेत्रमा अत्यधिक रसायनिक औषधिको प्रयोगमा न्यूनिकरण हुन नसकेका कारण जल तथा जमिनमा प्रदुषण बढ्दो रूपमा रहेकोछ । गाउँपालिकाका सबै वडाहरूबाट फोहरमैला संकलन गर्न सकिएको छैन । बजार क्षेत्रमा यातायात बढ्दो चापको कारण धूलो धुँवाले प्रदुषण बढेको देखिन्छ । साथै ग्रामीण क्षेत्रमा अव्यवस्थित रूपमा बाटो खन्ने कारण धूलोको समस्याका साथै माटोको क्षयीकरण हुने समेत समस्या विद्यमान देखिन्छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

लालभ्фाडी गाउँपालिका विपदका हिसाबमा उच्च जोखिममा रहेको पालिका हुँदा यहाँ समय समयमा विभिन्न प्रकारका विपदहरुको सामना गर्नु परेको देखिन्छ, यस्ता विपद बाट बच्न समयमै एकिकृत कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्ययन गर्नुपर्ने देखीन्छ । यस गाउँपालिकामा विपदका किसिम अनुसार जोखिमको समय विवरण निम्न बमोजिम रहेको छ ।

| वडा नम्बर | विपद अनसार जोखिमको समय (महिना) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आगलागी | बाढी डुवान | खडेरी | हुरी, बतास | शीतलहर | रोग महामारी | सर्पको टोकाइ | जंगली जनावरबाट क्षति |
| १ | बैशाख, जेठ | जेठ,असार, साउन, भाद्र,असोज | बैशाख, जेठ | बैशाख, जेठ र चैत्र | पुष, माघ | जेठ,असार, साउन, भाद्र,असोज | बैशाख, जेठ, असार, साउन, भाद्र,असोज | बैशाख, जेठ, असार, असोज, कार्तिक, मंसिर, पाल्गुन र चैत्र |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| **जम्मा** | **२ महिना** | **५ महिना** | **२ महिना** | **३ महिना** | **२ महिना** | **५ महिना** | **६ महिना** | **८ महिना** |

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

१. लालझाडी गाउँपालिकाको आर्थिक ऐन २०७८
२. लालझाडी गाउँपालिकाको विनियोजन ऐन २०७८
३. लालझाडी गाउँपालिकाको प्रशासनिक कार्यविधी ऐन २०७५

४. लालझाडी गाउँपालिकाको आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न बनेको कानुन २०७४
५. लालझाडी गाउँपालिकाको सहकारी ऐन २०७५
६. लालझाडी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५
७. गाउँ विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७५
८. लालझाडी गाउँपालिकाको आर्थिक ऐन २०७६
९. लालझाडी गाउँपालिकाको विनियोजन ऐन २०७६
१०. लालझाडी गाउँपालिकाको स्थानिय स्वास्थ्य तथा सरसफाई ऐन २०७५


**गाउँपालिका स्वीकृत ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरु**

१. लालझाडी गाउँकार्यपालिका नियमावली २०७४ ( कार्यसम्पादन )
२. लालझाडी गाउँकार्यपालिका नियमावली २०७४ ( कार्य विभाजन )
३. लालझाडी गाउँकार्यपालिकाको गाउँसभा संचालन कार्यविधी २०७४
४. लालझाडी गाउँकार्यपालिकाको पदाधिकारीहरुको आचारसंहिता २०७४
५. निर्णय वा आदेश र अधिकारको प्रमाणिकरण नियमावली कार्यविधी २०७४
६. आधारभुत तह उत्तीर्ण परिक्षा संचालन कार्यविधी २०७४
७. स्थानिय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी २०७४
८. जेष्ठनागरिक परिचय पत्र वितरण कार्यविधी २०७४
९. ब्याकहो लोडर संचालन तथा ब्यवस्थापन निर्देशिका २०७४
१०. घ वर्गको निर्माण व्यवसायको कार्यविधी २०७४
११. एकिकृत सम्पत्ती कर व्यवस्थापन कार्यविधी २०७५
१२. उपभोक्ता समिति गठन संचालन र ब्यवस्थापन कार्यविधी
१३. करार कर्मचारी ब्यवस्थापन कार्यविधी २०७५
१४. लालझाडी गाउँपालिका शिक्षा सेवा संचालन कार्यविधी २०७५
१५. आप्रवासी स्रोत केन्द्र ( संचालन तथा व्यवस्थापन ) कार्यविधि २०७८
१६. पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८
१७. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण संम्बन्धि कार्यविधि २०७८
१८. सार्वजनिक जवाफदेहिता प्रर्वद्धन सम्बन्धि कार्यविधि २०७८
१९. लालझाडी गाउँपालिकाको स्थानिय राजस्व परामर्श कार्य संचालन कार्यविधि २०७८
२०. घर बहाल कर व्यवस्थापन कार्यविधि २०७८
२१. लालझाडी गाउँपालिकाको सार्वजनिक खरीद नियमावली २०७७
२२. लालझाडी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य संचालन कार्यविधि २०७८

## २.६.२ सङ्गठनात्मक विकास

**गाउँपालिकाको संगठनात्मक ढाँचा**

लालझाडी गाउँपालिकाको संगठनात्मक ढाँचा निम्न अनुसार रेहेको छ ।


सामाजिक विकास शाखा
आन्तरिक लेखा परीक्षण इकाई

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजनाका उद्देश्यहरू, नेपालको दीर्घकालीन सोच र सुदुर पश्चिम प्रदेश सरकारले लिएका आ-आफ्ना दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य सँग तादम्यता गर्दै लालझाँडी गाउँपालिकाको पञ्चवर्षिय आवधिक विकास योजना तयार गरिएको छ । गाउँ कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरूको सहभागितामा लालझाँडी गाउँपालिकाको समग्र विकास प्रकृयालाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

### ३.१ पृष्ठभूमि

संघीय शासन प्रणाली अनुरुप गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारले अवलम्बन गरेका समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी योजना तर्जुमा गरेको छ । कतिपय आर्थिक नीति कार्यान्वयन गर्न तीनै तहकाबीच एकीकृतरुपमा जानुपर्ने अपरिहार्य रहेको छ । राष्ट्रिय तथा प्रादेशिक संकल्प, समृद्धि र समुन्नतिका लागि सार्वजनिक क्षेत्रका अतिरिक्त सहकारी क्षेत्र र निजी क्षेत्रसँग समेत सहकार्य साझेदारीका कार्यहरूहरूलाई सँगसँगै लिएर जानुपर्ने अवस्था रहेको छ । संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गर्न तीनै तहले तर्जूमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा सामञ्जस्यता हुनु आवश्यक हुन्छ । यो आवधिक विकास योजना लालझाँडी गाउँपालिकाको समग्र विकासका लागि तयार गरिएको आयोजना दस्तावेज हो, जस्ले निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि निश्चित अवधि भित्र गर्नुपर्ने कार्य तथा रणनीतिहरूको वारेमा विश्लेषण गरेको छ । यसले स्थानीय समुदायका जन गुनासो, आवश्यकता र ती आवश्यकता पूर्ति गर्न आवश्यक स्रोतको विश्लेषण गर्नुका साथै चुनौती समाधानका क्षेत्रमा के कस्ता जोखिमहरू आउन सक्छन भन्ने वारेमा विश्लेषण गर्दछ । गाउँपालिका भित्र आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा सुशासनको क्षेत्रमा समावेशी विकास गर्नका लागि आवधिक योजनाले अल्पकालिन तथा दीर्घकालिन महत्वका आयोजना बनाउने गर्दछ जस्को परिणाम स्वरुप उपेक्षित वर्गले समेत विकासमा अपनत्व लिने वातावरण तयार हुन्छ । यसका लागि पनि यो योजनाको निर्माणका क्रममा सबै वर्गको साझा संलग्नतालाई मध्यनजर राख्दै वडास्तरबाट योजना संकलन गरी यस आवधिक योजनामा समावेश गरिएका छन् । यस अर्थमा यो स्थानीय योजना आफैमा सहभागितामूलक तरिकाले निर्मित योजना हो ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

### समस्याहरु

१. दीर्घकालीन सोचका आधारमा योजनावद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भएतापनि सोही अनुरूप कार्यान्वयन हुनमा समस्या देखिनु ।
२. योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु ।
३. जनसहभागितामा आधारित योजना कार्यान्वयन विधिको पालना हुनु पर्नेमा स्थानीय उपभोक्ता समितिले पनि योजना कार्यान्वयनमा ठेकेदारको प्रयोगले सुशासनमा समस्या देखिनु ।
४. गाउँपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो छिटो तथा अप्रत्यासित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या हुनु ।
५. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स-साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु ।

६. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या ।
७. गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु पर्ने अवस्था ।
८. मेलौलीको कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारकोलागि वृहत्तर क्षेत्रगत योजना तयार हुन सकेको छैन ।
९. वन विनाश र वातावरणको संरक्षण विकासको समस्याको रूपमा देखिएका छन् ।
१०. विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिएको छ ।
११. एक वडा एक पहिचानका कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।
१२. विकासका पूर्वाधारहरूको समान वितरण गर्न सकेको अवस्था छैन ।
१३. उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणको समस्या देखिएको छ ।
१४. शिक्षा र स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको समाधान नै विकासको ठुलो समस्या देखिएको छ।
१५. विद्यार्थी र शिक्षकको अनुपात नमिलेको कारणले थप समस्या भएको छ ।

## चुनौतीहरु

लालझाँडी गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु रहेको छ ।

१. राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संशाधन विकासका कारण अपेक्षित रुपमा आन्तरिक राजस्व सङ्कलन नहुनु ।
२. धेरैजसो भू-भागमा वन क्षेत्र, चरनपाखा, खोला, बगर, सम्म जमिन भएकोले कृषिको आधुनीकिकरण गरी व्यावसायिक कृषिलाई अघि बढाउनु ।
३. विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुने गरेकोमा मानव संसाधन विकासमा कम बजेट छुट्याउने परम्परालाई परिवर्तन गर्नु ।
४. गाउँपालिकाका सबै वडाहरूमा पीच मोटरबाटो पुऱ्याउनु
५. गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रुपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु ।
६. गाउँपालिकाका विभिन्न वडाहरूमा विभिन्न प्रकारका नयाँ नयाँ फलफूल तथा जडिबुटीहरूको व्यावसायिक रुपमा खेती शुरु गरे तापनि यिनीहरूका लागि बजार व्यवस्थापन गरी कृषकहरूलाई यसतर्फ दीर्घकालीन रुपमा आकर्षित गराउनु ।
७. गाउँपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्वपूर्ण जडिबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्नु ।
८. स्थानीय स्रोत, साधन, जडिबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु ।
९. ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
१०. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु ।
११. सबै पालिकाबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।

१२. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमीनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्नु ।
१३. घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत राख्नु।
१४. भ्रष्टाचार तथा फजूल खर्चको नियन्त्रण गरी प्रभावकारी प्रशासन संयन्त्रको विकास गर्नु ।

### ३.३ प्रमुख सम्भावना तथा अवसर

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रुपमा उल्लेख गर्न सकिन्छः

१. संवैधानिक रुपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको छ ।
२. गाउँपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस गाउँपालिकालाई पहिचान दिने गरी कृषि उत्पादन गर्न सक्ने गाउँपालिकाका रूपमा विकास गर्न सकिनेछ ।
३. एक दर्जन बढी रमणीय, भौगोलिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरू भएकाले यसको विशेष महत्त्व र पर्यटन विकासको प्रचुर सम्भावना रहन गएको छ ।
४. कृषिजन्य उत्पादित वस्तुकोलागि आवश्यक बजारको समस्या नरहेको, यस गाउँपालिकामा उत्पादन हुने जैविक कृषि तथा पशुजन्य उत्पादनले राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको छ ।
५. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट स्थानीयबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।
६. अमिलो प्रजातीका फलफुल, आलु, टमाटर, अदुवा, टिमुर लगायत विभिन्न मौसमी तथा बेमौसमी फलफुल एवं तरकारीहरू, मौरीपालन जस्ता कृषि तथा पशुजन्य उत्पादनकालागि यस गाउँपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा वृद्धि आई थप आर्थिक उपलब्धि हासिल गर्न सकिनेछ ।
७. गाउँपालिकाका सबै वडाहरूमा पीच सडक सञ्जाल, भरपर्दो सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा पुऱ्याउन सकिने अवस्था रहेको छ ।
८. वनजङ्गल, विभन्न जडिबुटी, जलस्रोत, जस्ता प्राकृतिक स्रोतको लाभ लिन सकिने अवस्था रहेको छ ।
९. पशुपालन व्यवसायको माध्यमबाट दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको छ ।
१०. गाउँपालिकामा रहेको वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः प्राङ्गारिक मल, जडिबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने देखिन्छ ।
११. आवधिक योजनाको निर्माण प्रक्रियासँगै जनमानसमा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको छ ।

### ३.४ निर्देशक सिद्धान्त

नेपालको बदलिदो राजनैतिक, सामाजिक र कानुनी आधार र पन्ध्रौं राष्ट्रिय योजनालाई समेत ध्यानमा राखेर निम्न निर्देशक सिद्धान्तहरूलाई पालन गरी गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ साथै आवधिक योजना कार्यान्वयन गर्दा सबै सरोकारवाला संस्था/निकाय तथा समूहहरूले निम्नलिखित विकासका सिद्धान्तहरूलाई अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने हुन्छ ।

(क) नेपालको संविधानको भाग १ धारा १४ मा “नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुनेछ” भन्ने उल्लेख भए अनुसार पिछडिएका, उपेक्षित तथा सीमान्तकृत समुदायको सामाजिक विकास तथा आर्थिक उत्थानका लागि पालिका विकास योजनाको ध्येय समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रको निर्माण गर्नु हुनेछ ।

(ख) उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिनेछ ।

(ग) नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा गाउँपालिकाको स्थानीय अर्थतन्त्र सुदृढ गरिनेछ ।

(घ) संविधानको भाग ४ धारा ५१ (घ) (२) मा उल्लेख भए अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै पालिकाको समृद्धि हासिल गरिनेछ ।

(ङ) संविधानको भाग ४ धारा ५१ (घ) (३) अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै यसलाई नगरको उच्च सम्भावना रहेका आर्थिक विकासका क्षेत्रमा परिचालन गरिनेछ ।

(च) रणनीनितिक शहरी पूर्वाधारका योजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको सहकार्य अगाडि बढाइनेछ ।

(छ) स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, विद्युत्, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै व्यक्तिको सहज पहुँच पुऱ्याउन नेपाल सरकार, प्रदेश, विकास साझेदार, निजीक्षेत्र र समुदायसँग सहकार्य गरिनेछ ।

(ज) आर्थिक-सामाजिक रूपले पछाडि परेका दलित, जनजाति, गरिब, एकल महिला, अपाङ्ग र पिछडा वर्गको सेवामा पहुँच बृद्धि गर्न अवरोध पुऱ्याउने कारक तत्वहरू पत्ता लगाई सोको सम्वोधन गर्ने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

(झ) स्थानीय स्रोत, सीप तथा साधनको अधिकतम परिचालन गरी प्राकृतिक स्रोतको दिगो उपयोग गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य तथा समावेशी विकासका उद्देश्य प्राप्त गर्नेतर्फ पालिका विकास योजनाका नीति तथा कार्यक्रमहरू परिलक्षित गरिनेछ ।

(ञ) सांस्कृतिक तथा भौगोलिक विविधताको पृष्ठभूमि रहेको लालझाँडी गाउँपालिकामा आधुनिक कृषि र पर्यटन विकास मार्फत “समृद्ध नेपाल, सुखी नेपाली” को लक्ष्यलाई यथार्थमा बदल्न योगदान दिन सक्ने नवप्रवर्तनकारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

**सोच**

“समृद्ध लालझाडी : हाम्रो शान”

**लक्ष्य**

“व्यावसायिक, दर्शनीय र समृद्ध गाउँपालिकाकोआधार तयार गर्ने”

**उद्देश्य**

मुख्य उद्देश्यः उत्पादनशिल रोजगारी उन्मुख र न्यायपुर्ण वितरण सहितको उच्च आर्थिक बृद्धि द्धारा द्रुत गरिवी न्युनीकरण गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्नु ।

विशिष्ट उद्देश्यहरुः

- दिगो विकास लक्ष्य र निर्धारित सुचकहरु हासिल गर्नु ।
- शिक्षा, स्वास्थ्य लगायत आधारभुत सेवा तथा संरचनाहरुमा सवैको पहुँचको सुनिश्चितता गर्नु ।
- कृषि उत्पाकदत्व वृद्धि तथा उद्यम विकास गरी द्रुत आयआर्जनका अवसरहरु सिर्जना गरेर उच्च आर्थिक वृद्दीदर प्राप्त गर्नु ।
- शुसासन तथा गांउपालीका वासीहरुलाई समाजिक न्यायको प्रत्याभुति गराइनु ।
- प्रविधी विकास तथा विस्तार गर्नु
- मावन अधिकार संरक्षण, दण्ड हिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिश्चित गर्नु

- उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्नु;
- स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशील, सीपयुक्त र सुयोग्य मानवीय श्रोतको विकास गर्नु;
- बसोबास, बजार, शहरी सुविधा र अन्तर आवद्धतालाई सहज, सुरक्षित र व्यवस्थित बनाउनु;
- हरियाली, जैविक विविधता, जमिन र जलश्रोतकोसमुचित व्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायु र विपद् उत्थानशीलता सुनिश्चित गर्नु;
- सेवा प्रवाह, विकास उपलब्धि र जवाफदेहीको स्तरमा गुणात्मक वृद्धि गर्नु ।

## ३.६ परिमाणात्मक लक्ष्य

दिगो विकासका लक्ष्यहरु, सहायक लक्ष्यहरु र सोही अनुरुपका सुचकहरुलाई लालझाडी गाँउपालिकाे विद्यमान अवस्था अनुरुप स्थानीयकरण सहित मुख्य परिणात्मक लक्ष्यहरु तालीका नं. १ अनुरुप कायम गरिएका छन:

**तालीका नं.१ दिगो विकासको स्थानीयकरण र लालझाडी गाँउपालिकाको परिणात्मक लक्ष**

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **समष्टिगत विकास** | | | | | | | | |
| मानव विकास सूचकाङ्क* | सूचकाङ्क | | | | | | मानव विकास प्रतिवेदन, नगरपालिका विभिन्न दस्तावेजहरु | आर्थिक वृद्धि दर थप भएको हुने |
| आर्थिक बृद्धि* | प्रतिशत | | | | | | | |
| वार्षिक प्रति व्यक्ति आय* | रु. | | | | | | | |
| बहुआयामिक गरिबी | प्रतिशत | **३०** | २५ | १८.५ | ८.५ | **८.५** | | |
| साक्षरता | प्रतिशत | **९६.३९** | ९७.३९ | ९८.३९ | ९९.३९ | **१००.००** | | शिक्षा, स्वास्थ्य, सडक, खानेपानी तथा विधुत लगायतका क्षेत्र तिनै तहको सरकारको प्राथमकितामा परेको हुनुको साथै थप अनुगमन पनि प्रभावकारी भएको हुने |
| विद्यालयमा खुद भर्ना दर* | प्रतिशत | **८०** | ८५ | ९० | ९४ | **९४** | | |
| औसत आयु* | वर्ष | | | | | | | |
| कालोपत्रे सडक | कि.मि. | **१७** | २० | २५ | ४० | ४० | | |
| ग्राभेल सडक | कि.मि. | **५** | १५ | ३० | ३५ | **३५** | | |
| विद्युत सेवा प्राप्त घरधुरी (सोलार समेत) | प्रतिशत | **५५** | ६५ | ७५ | १०० | **१००** | | |
| खानेपानी सेवा प्राप्त घरधुरी | प्रतिशत | **४५.५** | ५० | ५५ | ७५ | **७५** | | |
| वेरोजगारी | प्रतिशत | **६५.५** | ६० | ५० | ४० | **४०** | | प्रधानमन्त्री रोजगार कार्यक्रम थप प्रभावकारी भएको हुने र नगर भित्र नयाँ उद्योग व्यवसायहरू सञ्चालनमा आएका हुने |
| विपद् बाट हुने वार्षिक क्षती रकम | रू. लाखमा | **१००** | ८० | ६५ | ३५ | **३५** | | विपद् व्यवस्थापन थप प्रभावकारी भएको हुने |

## ३.७ रणनीति तथा प्राथमिकता

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १ः उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु ।** | |
| १.१ः प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने । | १. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि ल्याइनेछ ।<br>२. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ।<br>३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्सहान गरिनेछ । |
| १.२ः विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ ।<br>२. गुणस्तरीय सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।<br>४. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ । |
| **उद्देश्य २ः गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चितता गर्दै सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्नु** | |
| २.१ः शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने । | १. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।<br>२. खुला दिशामुक्त पालिका कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ ।<br>३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई गाउँपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ । |
| **उद्देश्य ३ः गुणस्तरीय तथा प्रयोगकर्ता मैत्री पूर्वाधारको विकास गरी समृद्धिको आधार तयार गर्नु ।** | |
| ३.१ः गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।<br>२. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ ।<br>३. सडकको स्तरोन्नत्ति, मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँड गरिनेछ । |
| **उद्देश्य ४ः वातावरणीय सन्तुलन कायम गर्दै जल, जमिन, जङ्गल, जैविक विविधता जस्ता प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्नु ।** | |
| ४.१ः वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने । | १. वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>२. एकघर एक धारा र पूर्ण सरसफाइ सहितको गाउँपालिका बनाउने नीति अवलम्बन गरिने छ ।<br>३. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिँचाइ कुलोहरू सम्बन्धीत योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ । |
| **उद्देश्य ५ः संस्थागत तथा जनशक्तिको क्षमता विकास गरी सुशासन अभिवृद्धि गर्नु ।** | |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **५.१ः** सुशासन सम्बन्धी नीतिगत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्न्वयन गर्ने । | १. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ ।<br>२. गरिबी निवारणकालागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी वास्तविक गरिबहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ ।<br>३. गाउँपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ ।<br>४. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ।<br>५. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछन् ।<br>६. समावेशी सामाजिक संरचनाका माध्यमबाट गाउँपालिकामा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ ।<br>७. गाउँपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आवद्ध गरी गाउँपालिकाको योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइनेछ । |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

| क.सं. | विवरण | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित | आवधीक योजना लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **खर्च अनुमान** | | | २०७८-७९ | २०७९-८० | २०८०-८१ | २०८१-०८२ | २०८२-०८३ | पाचँ बर्षको कुल |
| | चालु खर्च | ११९३२४१२७.३६ | १८२६५६१०१.६६ | १९९५६७००० | २१९५२३७०० | २४१४७६०७० | २६५६२३६७७ | २९२१८६०४५ | १२१८३७६४९२ |
| | पुजीगत खर्च | १२२५६४३६१ | १५४७०२३८० | २२४७३४५०० | २४७२०७९५० | २७१९२८७४५ | २९९१२१६२९ | ३२९०३३७८२ | १३७२०२६६०६ |
| | वित्तिय व्यवस्था | ० | ० | | ० | ० | ० | ० | ० |
| | **कुल** | २४१८८८४८८.३६ | ३३७३५८४८१.६६ | ४२४३०१५०० | ४६६७३१६५० | ५१३४०४८१५ | ५६४७४५३०६ | ६२१२१९८२७ | २५९०४०३०९८ |
| २ | **आय अनुमान** | | | | | | | | |
| २।१ | आन्तरिक आय | १०२२४२१८ | १०३२८८०४.७३ | १०१७५५०० | १११९३०५० | १२३१२३५५ | १३५४३५९०.५ | १४८९७९४९.६ | ६२१२२४४५ |
| २।२ | राजश्व बांडफांडबाट प्राप्त रकम | | | | | | | | |
| | क. नेपाल सरकार | ४९८४३३४५ | ६३५७१६००.९९ | ७३३४५०००.०० | ८०६७९५०० | ८८७४७४५० | ९७६२२१९५ | १०७३८४४१५ | ४४७७७८५६० |
| | ख. प्रदेश सरकार | ११४३४८३.४३ | १७८८७६६.२७ | १६५२००० | १८१७२०० | १९९८९२० | २१९८८१२ | २४१८६९३.२ | १००८५६२५.२ |
| | **जम्मा** | ६१२११०४५.४७ | ७५६९९१७.९९ | ८५१७२५००. | ९३६८९७५०. | १०३०५८७२५. | ९९८२१००७ | १०९८०३१०८ | ४५७८६४१८५.२ |
| २।३ | रोयल्टी बांडफाड | | | | | | | | |
| २।४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | | | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | ९०६००००० | ९२७००००० | ९९१००००० | १०९०१०००० | ११९९११००० | १३१९०२१०० | १४५०९२३१० | ६०५०१५४१० |
| | ख. सशर्त अनुदान | ८२३१०६७४.२६ | १५२७२६८१० | १४३७००००० | १५८०७०००० | १७३८७७००० | १९१२६४७०० | २१०३९११७० | ८७७३०२८७० |
| | ग. समपुरक अनुदान | ३४२६६३० | ८७५०००० | २०८००००० | २२८८०००० | २५१६८००० | २७६८४८०० | ३०४५३२८० | १२६९८६०८० |
| | ३. विशेष अनुदान | ० | ० | १३७००००० | १५०७०००० | १६५७७००० | १८२३४७०० | २००५८१७० | ८३६३९८७० |
| २।५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | | | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | ६८२८००० | ६९२८००० | ६८२९००० | ७५११९०० | ८२६३०९० | ९०८९३९९ | ९९९८३३८.९ | ४१६९१७२८ |
| | ख. सशर्त अनुदान | ७०१९००० | १००८०००० | ११०८८००० | १२१९६८०० | १३४१६४८० | १४७५८१२८ | १६२३३९४१ | ६७६९३३४८१ |
| | ग. समपुरक अनुदान | ५६०७००० | १२९६५४५० | ३००००००० | ३३०००००० | ३६३००००० | ३९९३०००० | ४३९२३००० | १८३१५३००० |
| | ३. विशेष अनुदान | १७९४१९७ | ४७७९६०० | ५०००००० | ५५००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० | ३०५२५५०० |
| २।६ | आन्तरिक ऋण | | | | ० | ० | ० | ० | ० |
| २।७ | अन्य अनुदान | | | ७४९९७००० | ८२४९६७०० | ९०७४६३७० | ९९८२१००७ | १०९८०३१०८ | ४५७८६४१८५ |
| २।८ | जनसहभागिता | | | | ० | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २।९ | अन्तर स्थानीय तह साझेदारी | | | | ० | ० | ० | ० | ० |
| २।१० | मौज्दात रकम | ४०२७३३६२.९६ | ५७५४४६७३.२१ | २०००००००० | २२०००००० | २४२०००००० | २६६२०००० | २९२८२००० | १२२१०२००० |
| | **कुल** | २९९०६९९०९.६९ | ४२२१७३७०५.२ | ४९९२९८५००. | ५४९२२८३५०. | ६०४१५११८५. | ६६४५६६३०४ | ७३१०२२९३४ | ३७२५२००७५४ |

# परिच्छेद ४: आर्थिक क्षेत्र

लालझाडी गाउँपालिकाको समग्र वस्तुस्थितीको विश्लेषण विषयगत क्षेत्र अनुसार हालसम्म गरिएका विकास प्रक्रियाहरुको सिकाई, पालिकामा अवस्थित अवसरहरु र समग्र विकासका लागि संभावनाहरुको लेखाजोखा तलका तालीकाहरुमा उल्लेख गरिएको छ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

६४.८१ प्रतिशत घरपरिवार कृषि तथा पशुपालन पेशामा संलग्न रहेको र कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ६० प्रतिशत रहेको सन्दर्भमा गरिबी न्यूनिकरण, ग्रामीण रोजगारी, खाद्य तथा पोषण सुरक्षा, व्यापार सन्तुलन एवं समग्र आर्थिक विकासमा यस क्षेत्रले प्रत्यक्ष प्रभाव पारेको छ। समावेशी आर्थिक बृद्धिको मेरुदण्डको रुपमा रहेको यस क्षेत्रले रोजगारी र महिला सहभागिताका साथै दिगो पर्यावरणीय विकासमा समेत टेवा पुऱ्याउने भएको कारण उच्च प्राथमिकता पाउदै आएको छ। संविधान प्रदत्त खाद्यसम्वन्धी अधिकार सुनिश्चित गर्दै कृषि क्षेत्रको समग्र विकासको मार्गदर्शकका रुपमा रहेको कृषि विकास रणनीतिले परिकल्पना गरे अनुसार कृषि उत्पादन र उत्पादकत्व बृद्धि, कृषि क्षेत्रको विविधिकरण, व्यवसायिकरण र कृषि जन्य बस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गरिनु अपरिहार्य छ। श्रमशक्तिको बढ्दो पलायनबाट सृजित कृषि मजदुरको अधाव र आपूर्तिका समस्या समेत मध्येनजर गर्दै उत्पादनमा आत्मनिर्भरता र बढ्दो व्यापार घाटा न्यूनिकरण गर्न आर्थिक तथा सामाजिक रुपमा पछि परेका बर्गलाई समेत प्राथमिकता दिई सरकारी, सहकारी र निजी साझेदारीको अवधारणा अंगीकार गर्दै भौगोलिक परिवेश, तुलनात्मक लाभ र बाली विशेष अनुसारको विशेष कृषि उत्पादन क्षेत्र मार्फत कृषि उत्पादन, प्रशोधन र बजारीकरण गरिनु पर्छ। कृषिमा व्यवसायिकरण, यान्त्रिकरण र औद्योगीकरण मार्फत कृषि पेशालाई सम्मानजनक बनाई आय तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, सुधारात्मक ब्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षा र कृषि क्षेत्रको रुपान्तरणबाट आर्थिक रुपान्तरणका लागि बृहत उत्पादन पकेट, मूल्य अभिबृद्धि एवं बजारीकरणका लागि आवश्यक संरचना सहितको उत्पादन क्षेत्र, कृषि जन्य उद्योग सहितको औद्योगिक विशेष कृषि क्षेत्र सहितको कृषि क्षेत्रका आगामी विकास कार्यक्रमहरु सञ्चालन हुनु आवश्यक छ। त्यस्तै दिगो विकास लक्ष्य अन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न विशेष पहल गर्नु पर्ने देखिन्छ। यिनै विषयलाई प्राथमिकता दिने गरी यो आवधिक योजना तयार गरिएको छ।

### ४.१.२ संभावना तथा अवसर, समस्या चुनौती तथा उपयोग रणनीति,

खेतीयोग्य जमीन प्रसस्त रहेको यस गाउँपालिकामा धरातलिय हिसावले विविधतायुक्त एवं व्यवसायिक तरकारी एवं फलफूल खेतीका अभ्यासहरु रहेका छन्। व्यवसायिकतातर्फ कृषकहरुको संलग्नता बढिरहेको संदर्भमा आवश्यक जनशक्तिको विकास, वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य आवश्यक रहेको छ। कृषि विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - अधिकांस जनसङ्ख्यामा कृषिसम्बन्धी आधारभूत ज्ञान, सीप भएको<br>- उर्वर जमिन र उच्च उत्पादकत्व रहेको<br>- खाद्यान्न, तरकारी, फलफूल, नगदेबालीको व्यवसायिक अभ्यास रहेको<br>- आँप, अनार, अंगुर, केरा, आँपजस्ता फलफूलको व्यवसायिक खेतीको लागि उपयुक्त हावापानी र भूगोल भएको<br>- एग्रोभेट, कृषि सेवा केन्द रहेको<br>- तरकारी तथा फलफुल उत्पादन क्षेत्रका रुपमा रहेको<br>- कृषक समूह, कृषि सहकारी र | - कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा कमि<br>- कृषिमा व्यवसायिकरण र विविधिकरणको कमि<br>- कृषि पेशामा प्रोत्साहनमा कमि<br>- आधुनिक प्रविधि, ज्ञान, सीप, पूर्वाधार तथा उपकरणको उपयोगमा कमि<br>- व्यवस्थित बजार तथा बजारीकरणको कमि - कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धानको कमि<br>- कृषि प्राविधिक ज्ञान तथा जनसक्तिको कमि<br>- कृषि उत्पादनका लागि आवश्यक सुबिधा तथा सामाग्रीको सहज उपलब्धताको कमी<br>- बाह्यि तत्वको नकारात्मक | -गा.पा.लेभूउपयोग नीति मार्फत् खेतीयोग्य भूमिको पहिचान, वर्गीकरण र व्यवस्थापन गन<br>- समयमा उन्नत बीउबिजन तथा मल आपूर्तिको व्यवस्था गर्ने<br>- व्यवसायिक खाद्यान्न एवं तरकारी खेतीका लागि सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने<br>- कृषि भूमि र भूगोल सुहाउँदो आधुनिक कृषि औजारहरूको पहिचान र विस्तार गर्ने<br>- सहकारी र समूहमा नर्सरी स्थापनाका लागि अनुदानको व्यवस्था गर्ने<br>- कृषि उपजस्थलबाट बजारसम्म पुग्ने मुख्य नाकासँग सडक विस्तार गर्ने<br>- सहकारी र समूहमार्फत्बीउबिजन उत्पादन तथा वितरण गर्ने<br>- गोठेमल उत्पादनमा अनुदान तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने<br>- कृषि उपज वितरण केन्द, सेलार रष्टिक स्टोर स्थापना,गर्ने<br>- कृषकलाई आवश्यक मात्रामा अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने<br>- आधुनिक कृषि प्रविधिबारे तालिम सञ्चालन गर्ने - माटो |

| | | |
|---|---|---|
| अगुवा कृषकहरू क्रियाशील रहेको<br>- कृषि प्राविधिक कार्यरत रहेको<br>- आधुनिक खेती प्रविधिको सुरुवात भएको | प्रभाब ( जलवायु परिवर्तन,रोग तथा कीराको प्रकोप तथा जनावरको अतिक्रमण) | परीक्षण शिविर तथा प्रयोगशाला सञ्चालन गर्ने<br>- एक वडा एक कृषि प्राविधिकको व्यवस्था मिलाउने<br>- आधुनिक प्रविधिको प्रयोगमा प्रोत्साहन दिने<br>- युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गर्ने |

### पशु विकास

यस क्षेत्रमा पशु विकासका लागि पर्याप्त चरण क्षेत्र रहेको छ । पशुपन्छीजन्य परम्परागत उत्पादन शैलीको वाहुल्यता रहेता पनि व्यवसायिक उत्पादनको अभ्यास पनि देखिन थालेको छ। उत्पादित वस्तुको विक्रीका लागि बजारसँगको सहज पहुँचका कारण दुग्धजन्य, पन्छीजन्य र महको माग उच्च हुँदै गएको छ । पशुपन्छीजन्य उत्पादनको प्रचुर सम्भावना रहेको भएतापनि प्रोसाहन, पुर्वाधार र व्यवसायिक दक्षताको कमिका कारण यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक हुन सकेको छैन । पशु विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - गाउँको जनसंख्याको अधिकांश हिस्सासँग पशुपालन सम्बन्धी परम्परागत ज्ञान, सीप भएको ।<br>- दुग्धजन्य उत्पादनका लागि उन्नत जातका गाई भैसीको पालनको अभ्यास रहेको<br>- मासुजन्य उत्पादनका लागि उन्नत जातका खसीबोका पालन रहेको<br>- व्यवसायिक कुखुरा पालनको सुरुवात भएको<br>- व्यवसायिक पशुपालन फर्म सञ्चालनको सुरुवात<br>- प्रशस्त चरण क्षेत्र उपलब्ध रहेको<br>- व्यवसायिक पशुपालन फर्म रहेको<br>- प्राविधिकबाट सेवा प्रवाह भइरहेको<br>- निजी एग्रोभेटबाट पनि सेवा प्रवाह भैरहेको | - उत्पादन र उत्पादकत्वमा कमी<br>- प्रोसाहन र लगानीको कमी<br>- प्राविधक तथा दक्ष जनसक्तिको कमी<br>- व्यवसाहिकरण र विविधिकरणको कमी<br>- आधुनिक प्रविधि, उपकरण र पूर्वाधारको उपलब्धता र उपयोगमा कमी<br>- पशुपन्छीजन्य अध्ययन तथा अनुसन्धानको कमी<br>- बजारीकरण कमी<br>- पशु आहारको मौसमी उपलब्धता ( बाह्रै महिना चरण हने चरण क्षेत्र आदि )को कमी | - व्यवसायिक तथा उन्नत पशुपालनका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने<br>- व्यवसायिक पशुपालनको लागि प्रोत्साहन गर्न कार्यक्रम बनाउने<br>- व्यवसायी बन्न चाहने तर लगानीका अभाव भएका कृषकलाई व्यवसाय सुहाउँदो कार्यक्रम बनाई अनुदानको व्यवस्था मिलाउने<br>- हरेक वडामा पशु सेवा सम्बन्धी प्राविधिक र पशु सेवा सम्बन्धी तालिमहरू आयोजना गरी आधुनिक प्रविधि र ज्ञान, सीपको विस्तार गर्ने<br>- आधुनिक प्रविधि र ज्ञान सीपको अभाव भएको<br>- समुदायलाई समूह तथा सहकारीमार्फत् सक्रिय बनाउन कार्यक्रम गर्ने<br>- चरण क्षेत्रको विकासका लागि चरण क्षेत्र विकास कार्यक्रम ल्याउने - अनसन्धान, तालिम, गोष्ठी, भ्रमणको माध्यमबाट आधुनिक प्रविधि तथा ज्ञान, सीप प्रदान गर्ने<br>- प्रत्येक वडामा एक जना पशु प्राविधिक र गाउँपालिकामा पशु अस्पताल तथा ल्याबको स्थापना गरी कार्य सञ्चालन गर्ने<br>- पशुधनको सुरक्षाको लागि पशुबिमा कार्यक्रममा कृषकको सहभागिता बढाउने<br>- युवा लक्ष्यित कार्यक्रम बनाई विशेष अनुदानको व्यवस्था गरी युवा जनशक्तिलाई व्यवसायिक पशुपालनमा सहभागी गराउने<br>- गोठ सुधार कार्यक्रम सञ्चालन गर्ने<br>- दुग्ध चिस्यान केन्द्र तथा संकलन केन्द्रको स्थापना पहल गर्ने<br>- पशुहाट बजार र संकलन केन्द्रको स्थापना गर्ने<br>- कृत्रिम गर्भाधान सञ्चालन गर्ने<br>- उन्नत जातको पशु नश्लको लागि उन्नत राँगा, साँढे, बोका वितरण गर्न । |

## ४.१.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

- कृषि व्यवसायलाई आधुनिकिकरण सहित उत्पाकत्व वृद्धि तथा आय स्रोतको मुख्य आधार वनाउन
- स्वच्छ एवम् गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट लालझाडीलाई आर्थिक, खाद्य तथा पोषणमा आत्मनिर्भर बनाउने ।

**उदेश्य**

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
- निर्वाहमुखी कृषि प्रणालीलाई आम्दानीमुलक एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
- कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु ।
- परंपरागत कृषि प्रणालीलाई आधुनिकिकरण गरी आकर्षक व्यवसायको रुपमा स्थापित गर्नु गाउपालिकालाई पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बनाई कुपोषण हटाउनु र खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउनु ।
- पशुपन्छी पालनलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाई पशुपन्छीजन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु

।

- पशुपन्छी पालनलाई महिला, युवा तथा सबै आर्थिक, भौगोलिक र सामाजिक वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकासगर्नु ।
- पशुजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर न्यूनीकरण गर्न स्वस्थपशुपन्छी उत्पादन गर्नु ।

**कार्यक्रम तथा आयोजना**

- कृषक केन्द्रित तथा कृषकमैत्री नीति निर्माण तथा परिमार्जन सहित कार्यान्वयनमा जोड दिने
- उत्पादन वृद्धि गर्न कृषिजन्य वस्तुहरूको व्यावसायिक उत्पादन क्षेत्रमा उपयुक्त र दिगो सिँचाइ सुविधालगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइने
- कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि स्थानीय साधनस्रोत र जैविक प्रविधिको उपयोग गरिने
- खाद्यान्न उत्पादन न्यून हुने तथा खाद्यपोषण असुरक्षित क्षेत्रमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रर्वद्धन तथा उपयोगमा जोड दिई सुरक्षित खानपान र पौष्टिक तत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरिने।
- गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषिको यान्त्रिकीकरणका लागि कृषकमैत्री औजार, उन्नत प्रविधि एवम् सुलभ कृषि कर्जाको व्यवस्था गरिने  गाई, भैंसी, बङ्गुर र बाख्राको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नस्लका पशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ ।
- गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण, मिनरल ब्लक आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप-पदार्थहरूको सदुपयोगलाई प्रोत्साहन गरिनेछ । 'एक गाउ एक घाँसेवाली स्रोत केन्द्र' स्थापना गरिनेछ । यसका लागि वन, भू-संरक्षण तथा कृषि विकास कार्यालयहरूसँगको समन्वयमा सामुदायिक वन, कबुलियती वनहरूमा घाँसेबाली प्रवर्द्धनका लागि पहल गरिने ।
- पशुपन्छी पालक साना कृषक,भूमिहीन विपन्न किसानलाईपशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रमसञ्चालन गरिनेछ । विदेशबाट फर्किएका रबेरोजगार युवा र महिला सहभागिता लाई पशुपन्छी पालनमा आकर्षित गर्ने गरी युवालक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिने ।
- यहाँ पाइने रैथाने घरपालुवा पशुपन्छी तथा तिनका जङ्गली जातको आनुवांशिक स्रोत संरक्षण कार्यलाई उच्च प्राथमिकता गरिने

## ४.२ सिंचाई

## ४.२.१ पृष्ठभूमि

लालभाडि गाउँपालिकामा धैरै जसो घरपरिवारले सिंचाईका लागि खोला र डिपबोरिङ्ग प्रयोग गरिरहेको रहेकोछो छ भने केहि घरपरिवारले भुमिगत सिंचाईपनि प्रयोग गरिरहेको देखिन्छ । सिद्धबाबाताल, बाणा नाला, माकुरी ताल, हेगना नाला, दोदा नदी, स्याली नदी, बनारा नदी, जमिन मुनिको सिंचाइ बोरिंग प्रमुख सिचाइको स्रोतको रुपमा रहेको छ । यस लालभाडी गाउँपालिकामा माटो उर्बरा रहेको र सिंचाइ सुबिधाको अवस्था हेर्दा खेती गरिने जमिन २५७९ हेक्टर (९२.४०%) मध्ये ३९.७१ प्रतिशत जमिन सालैभर सिंचित रहने पाइयो । यस क्षेत्रको सिंचाइ अवस्था हेर्दा यसका लागि थुप्रै योजना तथा स्रोतहरुको आवश्यकता रहने देखिन्छ ।

### ४.२.२ संभावना तथा अवसर समस्या चुनौती तथा उपयोग रणनीति

सिंचाई पूर्वाधारहरुको विकासका निमित्त गाउँपालिका क्षेत्रमा राप्ती तथा डुडुवा नदि लगायत नदिनालाहरु रहेको, आंशिक सिंचाई कूलो तथा नहरहरुको निर्माण भएको, केही पोखरीहरु पनि निर्माण भएको भएतापनि खेतीयोग्य जमीनमा सिंचाई पर्याप्त हुन नसकेको देखिन्छ । सिंचाई पूर्वाधार तथा आयोजना संचालनको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| – …वटा सिंचाइ आयोजना सञ्चालनमा रहेको<br>–.....विगाह भन्दा बढी क्षेत्रफलमा सिचाई सुविधा पुगेको<br>– भूमिगत जलको उपयोग भएको<br>– राप्ती नदि र डुडुवा नाला लगायत खोलानाला रहेको<br>– उर्वर र समथर फाँट रहेका | – सिंचाइको लागि पर्याप्त पूर्वाधारको कमि<br>– बाह्रै महिना विश्वासिलो सिंचाइ सविधाको कमि<br>– सिंचाइ पुर्वाधारको दीगोपनाको कमि<br>– सिंचाईको श्रोतको कमि | – पर्याप्त सिंचाइ सुबिधा उपलब्ध गराउने<br>– पानीको स्रोत कमी भएका ठाउँमा आकासे पानी संकलन, प्लाष्टिक पोखरी, थोपा सिंचाइलगायत वैकल्पिक सिंचाइ प्रविधिहरूको विस्तार गर्ने ।<br>– पोखरी, नहर, कुलोहरू निर्माण तथा मर्मत गर्न आवश्यक मर्मत कोष स्थापना गर्ने ।<br>– उपभोक्ता समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।<br>– सिंचाई सुविधाबाट बञ्चित क्षेत्रमा आकासे पानी संकलन, निजि बोरिङ.जडान प्रोत्साहन गर्ने लिफ्ट सिस्टमलगायत अन्य वैकल्पिक सिंचाइ प्रविधिको विस्तार गर्ने । |

### ४.२.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सिंचाइ सुविधाको अभावका कारण कृषि उत्पादनमा भैरहेको घाटा तुलनात्मक रुपमा घटाइ कृषि उत्पादनमा बृद्धि गर्ने ।

**उद्देश्य**

गाउपालिका भित्र रहेका विभिन्न सिंचाइ स्रोतहरुको समुचित उपयोगको व्यवस्था मिलाइ कृषि क्षेत्रको दिगो विकासमा सहयोग पुरयाउने ।

**कार्यक्रम तथा आयोजना**

१. वर्षैंभरि सिंचाइ सुविधा दिने आयोजनाहरू समयमै सम्पन्न गर्न जोड दिइनेछ साथै अन्य उपयुक्त पूर्व संभाव्यता भएका आयोजनाहरूको समेत प्राथमिकताका आधारमा थप अध्ययन गरिने

२. सिंचाइ कार्यक्रमहरू सञ्चालन गर्दा जलवायु विज्ञान, कृषि एवं जलाधार संरक्षणका निकायहरूसँग समन्वय गरिने ।

३. सम्पन्न भई सकेका सिंचाइ आयोजनाहरूको आवश्यक मर्मत संभारका लागि जनसहभागितासमेत परिचालन गरी आवश्यक कार्यक्रम सञ्चालन गरी दिगो एवं अझ बढी प्रभावकारी बनाइने ।

४. भरपर्दो सिंचाइ सुविधा उपलब्ध हुने सिंचाइ प्रणालीहरूबाट उचित सिंचाइ सेवा शुल्क नियमित रूपमा सङ्कलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाइने ।

५. आयोजना छनौट गर्दा समावेशीकरणको अवधारणा अनुरूप पिछडिएका क्षेत्र एवं वर्गलाई प्राथमिकता दिइने ।

६. साना सिंचाइको विकासका लागि लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गरिने ।

७. सिंचाइ विकास कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहमा रहेका वातावरण मैत्री तालतलैया, पोखरी, सिमसार तथा मूलहरूको संरक्षण तथा सम्वर्द्धनको कार्यमा सम्बन्धित निकायसँग समन्वय गरिने ।

### ४.२.४ अपेक्षित उपलब्धि

१. किसानहरुले आकाशे पानीमा भर पर्नु पर्ने अवस्थाको अन्त्य हुने ।

२. सिंचाइका विभिन्न आयोजनाहरु सञ्चालन भएका हुनेछन ।

३. विभिन्न क्षेत्रको सहयोग तथा सम्न्वयमा दिर्घकालिन योजनाहरु सञ्चालनार्थ रशनु ।

४. सिंचाइ आयोजनाहरुको सञ्चालन संगै आम मानिसहरुले दोहोरो फाइदा हुने खालका कार्यमा संलग्न भइ जीवन स्तरमा सुधार भएर जानेछ ।

## ४.३ पर्यटन, सँस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

लालझाडी गांउपालीकामा क्षेत्रभित्र ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक रुपमा महत्वपूर्ण पर्यटकीय स्थलहरु रहेका छन् यस गांउपालीकाको क्षेत्रमा भएका पर्यटकीय स्थलहरुको प्रचार प्रसार र उक्त स्थलहरुमा पर्यटन पूर्वाधारको विकास गर्न सकेमा दैनिक रुपमा सयौंको संख्यामा पर्यटक भित्रन सक्ने देखिन्छ । यहाँका सवै वडाहरुमा पर्यटकीय स्थल भएता पनि सवै पर्यटकिय क्षेत्रहरुको उचित संरक्षण तथा सम्वर्द्ध हुन सकेको छैन ।

### ४.३.२ सम्भावना, समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - मन्दिर तथा धार्मिक स्थालहरु रहेको<br>- रमणीय बन क्षेत्रहरु रहेको<br>- दोदा तथा मोहना नदि एवं ऐतिहासिक ताल तथा पोखरीहरु रहेका । | - पर्यटन क्षेत्र पहिचान, प्रचार प्रसार र विकासको कमी<br>- पर्यटकीय पूर्वाधारको कमी<br>- आधारभूत सुविधा र पूर्वाधारको कमी<br>- पर्यटन विकासमा समन्वय तथा सहकार्यको कमी<br>- पहिचान भएको पर्यटन क्षेत्रको प्रचार तथा व्यवस्थापनको कमी<br>- पर्यटन क्षेत्रमा निजी क्षेत्रलाई आकर्षणमा कमी | - पर्यटनसम्बन्धी स्पष्ट र दीर्घकालीन सोचसहितको योजना कार्यान्वयनमा ल्याउने<br>- राप्ती वोटिङ्संचालनको संम्भाव्यता अध्ययन गरी संचालन गर्ने<br>- पर्यटकीय पूर्वाधार (आश्रय स्थल, पदमार्ग, शौचालय, खानेपानी) निर्माण गर्ने<br>- पर्यटकीय गन्तव्यहरूको प्रचार प्रसार गन |

### ४.३.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने ।

**उद्देश्य**

१. लालझाडीलाई  नेपालको पर्यटन मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्य स्थलको रूपमा विकास गरी आन्तरिक अर्थतन्त्रमा योगदान पुऱ्याउने ।

२. आन्तरिक तथा बह्य पर्यटन प्रर्वद्धनमार्फत् सङ्ख्यात्मक तथा गुणात्मक रूपमा पर्यटक आगमनमा वृद्धि गरी प्राप्त लाभको समन्यायिक वितरण गन

**कार्यक्रम तथा आयोजना**

१. प्रत्येक वाडमा एक/एक पर्यटक गन्तव्य तोकी ती स्थानहरूमा पूर्वाधार र सूचना केन्द्रको स्थापना गरिने ।

२. यांगवरकलाई आकर्षक गन्तव्यको रूपमा स्थापित गर्न विभिन्न स्थानमा छरिएर रहेका नेपाली सङ्घसंस्थालाई परिचालन गरिने।

३. अन्य पर्यटन का अतिरिक्त कृषि पर्यटनलाइ पर्नि प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप वातावरणमैत्री बनाइनेछ ।

### ४.३.४ अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा आन्तरिक तथा बाह्य पर्यटन आगमन सङ्ख्या वार्षिक १००० पर्यटकहरूको सरदर बसाइ अवधि ३ देखि ५ दिन हुनेछ, जसबाट थप रोजगारी सिर्जना भएको हुनेछ ।

## ४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

मानविय, आर्थिक, शैक्षिक तथा सर्वागिण विकासमा उधोग प्रमुख रुपमा रहेको मानिन्छ । उद्योग क्षेत्र आर्थिक विकासको इन्जिन पनि हो । उधोगको विस्तार तथा विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता गर्न सहयोग पुऱ्याउँदछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकासमार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ । त्यस्तै निजी क्षेत्रलाई लगानीप्रति आकर्षित तुल्याउँदै आन्तरिक लगानीलाई नवीनतम प्रविधिका साथ प्रोत्साहन गर्दै गाउंपालिकाको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्न महत्वपूर्ण योगदान दिने गर्दछ । लालझाडी गाउंपालिकामा हाल उधोगहरु संख्यात्मक हिसाबले उल्लेखनिय रुपमा संचालन नभएको देखिन्छ । गाउंपालिकामा हाल सम्म जम्मा साना तथा मझौला उद्योग अन्तर्गत २७ वटा रहेका छन जसमा प्रमुखतया राईस मिल, फर्निचर उधोग, गन्ना कोलु, कुटानी पिसानी आदि रहेका छन ।

### ४.४.२ सम्भावना, समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - खुद्रा पसल, चिया पसल, सामान्य होटेल फेन्सी पसल जस्ता व्यापार व्यवसाय सञ्चालनमा रहेका<br>- फर्निचर उद्योग र स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालनमा रहेको<br>- सीपमुलक तालिम सञ्चालनमा रहेका | - औद्योगिक पूर्वाधार तथा उद्योगधन्दाको कमी - उद्योग, व्यापार र व्यवसाय सम्बन्धी ज्ञान र सीपको कमी<br>- १२ महिना भरपर्दो सडक सुविधामा कमि<br>- युवा पलायन - व्यवसायिक सोच, एवं लगानीमा कमी<br>- बजार व्यवस्थापनको कमी<br>- व्यवसायीक प्रोत्साहनको कमी | - स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाको लागि प्रोत्साहन गर्ने<br>- युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने<br>- सीपमूलक एवं व्यवसायिक तालिममा जोड दिने<br>- बजार पूर्वाधारको विकास गर्ने<br>- व्यवसायिक/व्यापारिक फर्महरूको संस्थागत सदृढीकरणका लागि समन्वय गर्ने<br>- नियमित कृषि तथा व्यापार मेला सञ्चालन गन |

### ४.४.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी गाउंपालिकाको अर्थतन्त्रको अभिवृद्धि गर्ने ।

**उद्देश्य**

१. उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।

२. औद्योगिक क्षेत्रमा लगानी बढाइ रोजगारीका अवसर सृजना गर्नु ।

३. औद्योगिक वस्तुहरूको निर्यात वृद्धि गरी व्यापार प्रवर्दन गर्ने ।

**कार्यक्रम तथा आयोजना**

१. औद्योगिक विकासको लागि उद्योग दर्तादेखि बहिर्गमनसम्मको प्रक्रियालाई सरलीकरण गर्नेगरी औद्योगिक रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरूमा आवश्यक पूर्वाधारहरूको विकास तथा व्यवस्थापनमा सुधार ल्याइनेछ।
३. उद्योगलाई आवश्यक कच्चा पदार्थ आपूर्ति सुनिश्चितता गर्न आवश्यक व्यवस्था गरिनेछ।
४. प्रत्येक वडामा हस्तकला ग्राम स्थापना गरी परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ।
५. एक वडा एक विशेष उत्पादन सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।
६. स्थानिय पुँजी तथा नविनतम प्रविधिलाई आकर्षित गर्न आवश्यक कानुनी र अन्य व्यवस्था गरिनेछ।
७. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई मुलुकभर विस्तार गर्न कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायहरूको समन्वय क्षमता विकास गर्दै लगिनेछ।
८. लक्षित विपन्न तथा गरिब समूहलाई घरेलु, साना तथा मझौला उद्योगमार्फत रोजगारी सिर्जना गरिनेछ।

### ४.४.४ अपेक्षित उपलब्धि

उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको, आधुनिक प्रविधिको अधिकतम प्रयोगसँगै गुणस्तरीय वस्तुहरूको उत्पादनद्वारा निर्यात बढ्न गई तथा आयात प्रतिस्थापन भई व्यापार प्रर्वदन भएको र औद्योगिक एवम् बौद्धिक सम्पत्तिको संरक्षण तथा संवर्द्धन भएको हुनेछ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

सामाजिक सुरक्षा तथा संरक्षण गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो। नेपालको संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा बल पुऱ्याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्न सक्छ। आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारी लगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरूबाट २२ लाख ६५ हजार नागरिकहरू लाभान्वितभएका छन्। यसका अतिरिक्त अवकाश प्राप्त निजामती कर्मचारी, शिक्षक, प्रहरी तथा नेपाली सेनाका सकल दर्जाका व्यक्तिहरूलाई समेत सामाजिक सुरक्षाका रूपमा निवृत्तिभरण प्रदान गर्दै आएको छ। यी उपलब्धिहरूका बाबजुद २०७२ वैशाखमा गएको विनाशकारी भूकम्पले धेरै परिवारलाई पुनः गरिबीको दुश्चक्रमा धकेलेको अनुमान गरिएको छः जसमा ठूलो हिस्सा वृद्ध, महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित एवम् सीमान्तकृत समुदायको रहेको छ। प्राकृतिक प्रकोपहरूको पुनरावृत्ति, राजनीतिक सङ्क्रमण र निरन्तर चलिरहने आन्दोलनहरूको कारण मुलुकमा अपेक्षा गरेअनुसारको आर्थिक-सामाजिक रूपान्तरण हुन नसकेको विद्यमान परिस्थितिले समेत गरिबीको रेखामुनि पुग्ने जनसङ्ख्यामा थप वृद्धि हुन जाने रहेकोछो छ। विद्यमान सामाजिक सुरक्षा प्रणालीको आधारशीलामा टेकेर आवश्यक नीतिगत, कानुनी र नियमनकारी प्रारूप तयार गर्दै सामाजिक सुरक्षा प्रणालीलाई अझ व्यापक, वित्तीय रूपले दिगो, सुदृढ तथा प्रभावकारी बनाउनु आवश्यक भएको छ।

### ४.५.२ सम्चावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - लक्षित वर्गको सचेतना बढ्दै गएको तथा सँगठित हुँदै गएको<br>- लक्षित वर्गको पक्षमा संविधानमा व्यवस्था भएको<br>- सामाजिक सुरक्षा भत्तामा विशेष व्यवस्था भएको<br>- समानुपातिक समावेशीकरणको व्यवस्था भएको<br>- विद्यालयमा दलित, अपांग तथा छात्रको लागि प्रोत्साहन भएको<br>- महिला तथा अपांगता भएको व्यक्तिको नाममा जग्गा पास गर्दा २५ प्रतिशत राजश्वमा छुट<br>- समानुपातिक समावेशीकरणको व्यवस्था भएको<br>- वाल विवाह र बहुविवाह अन्त्यका लागि कानुनी व्यवस्था भएको<br>- वालवालिकाको हितमा | - लैगिक तथा जातीय विभेद कायम रहेको<br>- नियम कानुनको प्रभावकारी कार्यान्वयनमा कमी<br>- परम्परागत सीपको संरक्षण र व्यवसायीकरणमा कमी<br>- निर्णायक तहमा समावेशीकरणमा कमी<br>- दलितहरू आर्थिक र शैक्षिकरुपमा मुलप्रवाहिकरणमा कमी<br>- घरेलु हिंसा र कुप्रथाको अन्त्य नहुनु<br>- महिला बहुकार्य बोझमा रहेको<br>- आर्थिक तथा सामाजिक क्षेत्रमा महिला, दलित, अपांगता भएका व्यक्तिको सहभागीतामा कमि हुनु<br>- अपांग तथा महिलामा आत्मविश्वास र आत्मनिर्भरको | - गाउँपालिकाले दलित वर्गको क्षमता अभिवृद्धिका लागि चेतनामूलक र अन्य कार्यक्रमहरू सञ्चालन गर्ने<br>- नीतिगत व्यवस्थाहरूको कार्यान्वयनलाई गाउँपालिकाको सेवा प्रवाहसँग आवद्ध गर्ने<br>- अपांग, दलित र छात्राहरूका लागि उच्च शिक्षाको लागि छात्रवृत्तिको व्यवस्था गर्ने<br>- गाउँपालिकाअन्तर्गका विद्यालयहरूमा अनिवार्य एक दलित शिक्षकको व्यवस्था गर्ने<br>- सार्वजनिक स्थलमा हुने भेदभावको अन्त्य गर्ने<br>- दलित समुदायका लागि आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने<br>- दलित, अपांगलगायत सबै अनाथ बालबालिकालाई गाउँपालिकाले संरक्षणको व्यवस्था गर्ने<br>- लैंगिक तथा जातीय विभेद अन्त्यका लागि संविधान कानुन बमोजिम स्थानीय सरकारले कडा कारबाहीको व्यवस्था गर्ने तथा गाउँपालिकाको न्यायिक समितिलाई प्रभावकारी बनाउने<br>- सामाजिक कार्यमा महिला सहभागिताको लागि पुरुषहरूलाई प्रोत्साहन गर्ने<br>- हिंसा पिडित महिलाका लागि सुरक्षित आवासको निर्माण गर्ने |

| | | |
|---|---|---|
| वालक्लव गठन र वालमैत्री परिवेशको निर्माणमा कार्यहरु हने गरेको<br>- सार्वजनिक यातायातको टिकटमा अपांग, जेष्ठनागरिकलाई छुटको व्यवस्था भएको<br>- जेष्ठ नागरिकहरूमा जीवनभरिको अनुभवबाट थुप्रै ज्ञान, सीप भएको<br>- अपांगता भएका स्वावलम्बनको लागि इच्छासक्ति रहेको<br>- अपांगता भएका बालबालिकाका लागि जिल्लामा तीनवटा स्रोत कक्षाको व्यवस्था भएका | कमी - वालमैत्री व्यवहार र पूर्वाधारको कमी<br>- सामाजिक सुरक्षा भत्ता सहज उपलब्धतामा कमी<br>- जेष्ठ नागरिकको जीवन यापनको सहजतामा कमी<br>- जेष्ठ नागरिकहरूमा रहेको ज्ञान, सीप नयाँ पीढीमा हस्तान्तरणमा कमी<br>- फरक क्षमता भएका व्यक्तिका लागि उपयुक्त प्रोत्साहन र अवसरहरू कमी<br>- वालमैत्री तथा अपांगमैत्री पूर्वाधारको कमी<br>- अपांग परिचय पत्र वितरण प्रकृया जटिल हुन | - लैगिंक समानताका लागि टोलस्तरमा आमा समुहको गठन र पुर्नगठन गरि परिचालनलाई प्रभावकारी गराउने<br>- अति विपन्न परिवारलाई आयमूलक तथा सीपमूलक कार्यक्रममा संलग्न गराउने<br>- बालमैत्री शैक्षिक पूर्वाधारको निर्माण गर्ने<br>- बाल विवाह र वाल हिंसालाई अन्त्य गर्न पहल गर्ने<br>- जेष्ठ नागरिकहरूका लागि स्थानीय सरकारले वृद्ध आश्रमको व्यवस्था गर्ने<br>- जेष्ठ नागरिकहरूको सम्मान तथा अनुभव आदान प्रदानको अवसर सृजना गर्ने<br>- सामाजिक सुरक्षा भत्ता सहज हुने स्थानमा खाता खोल्ने र भत्ता दिने व्यवस्था मिलाउने<br>- सामाजिक सुरक्षा भत्ताको सुविधाबाट बञ्चित भएका सबैलाई भत्ता उपलब्ध गराउन पहन गर्ने<br>- सबै अपांगहरूलाई उपयुक्त सीपमूलक तालिमको व्यवस्था गर्ने<br>- अपांगकालागि आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा प्रोत्साहन गर्ने<br>- अपांगमैत्री पूर्वाधार निर्माणलाई प्रोत्साहन गर्नु |

### ४.५.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरीय एवम् प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने।

**उद्देश्य**

१. प्रमुख सामाजिक संरक्षणका कार्यक्रमहरूमा समाजका सबैभन्दा विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु ।

२. विद्यमान सामाजिक संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी एकीकृत र सुदृढ गर्नु ।

३. सुदृढ र प्रभावकारी प्राकृतिक प्रकोप व्यवस्थापन प्रणालीको विकास गर्नु ।

**कार्यक्रम तथा आयोजना**

१. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका परिवारहरूलाई दिइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बिमा, पशु बिमा, बाली बिमालगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू लक्षित समुदाय तथा वर्गमा सहज रूपमा उपलब्ध गराउन सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा कार्यान्वयनमा ल्याइनेछ ।

२. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका परिवारहरूलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ता सहज तथा समयमै उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

३. विपन्न, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातिलाई आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाहरू निःशुल्क उपलब्ध गराइनेछ ।

४. बढी जोखिमको सामना गरिरहेका लक्षित समुदायको आवश्यकतालाई पहिले सम्बोधन गरिनेछ ।

५. सामाजिक सुरक्षालाई लक्षित वर्गहरूमा विस्तार गर्दै लैजान आवश्यक पर्ने नीतिगत तथा कानुनी पूर्वाधार र नियमनकारी निकाय स्थापना गरिनेछ ।

६. जनताको आधारभूत आवश्यकताको रूपमा रहेको स्वास्थ्य सेवा सुनिश्चित गर्न योगदानमूलक स्वास्थ्य बिमा विस्तार गरिनेछ ।

७. राष्ट्रिय ढुकुटीबाट प्रदान गरिने निवृत्तिभरणको बढ्दो दायित्वको दिगो व्यवस्थापनका लागि योगदानमा आधारित निवृत्तिभरण कार्यक्रम सुरू गरिनेछ ।

८. सहकारी क्षेत्रलाई सुरक्षण (बिमा) का कार्यक्रमहरू सञ्चालन र विस्तार गर्न नीतिगत र कानुनी व्यवस्था मिलाइनेछ ।

९. सहकारी प्रणालीअन्तर्गत नै पुनर्सुरक्षण (पुनर्बिमा) को संस्थागत व्यवस्था गरिनेछ ।

### ४.५.४ अपेक्षित उपलब्धि

१. सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरूको केन्द्रीकृत अनुगमन गर्ने प्रणालीको विकास र कार्यान्वयन ।

२. समुदायमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमहरूको विस्तार तथा अनुगमन ।

३. विद्यमान सामाजिक सुरक्षाका विभिन्न क्रियाकलापहरूको अभिलेखीकरण तथा प्रकाशन ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । गाउंपालिकाले पनि स्वस्थ्य प्रबदनका लागी बिभिन्न कार्यक्रमहरु संचलन गर्दै आएको छ । पहुच नपुगेको स्थानमा स्वास्थ्य सिबिर संचालन गरि स्वस्थ्य सेवा प्रदान गर्दै आएको छ ।

### ५.१.२ सम्भाजना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - ६ वटा स्वास्थ्य चौकी उपलब्ध रहेको<br>- ९० प्रतिशतभन्दा बढी पदमा स्वास्थ्यकर्मी पदपूर्ती भएको<br>- नेपालगञ्ज धनगढी तथा महेन्द्रनगरका विशेषज्ञ स्वास्थ्य सेवासँग सहज पहुँच<br>- स्वास्थ्य चौकीहरूमा मातृशिशु स्वास्थ्य, खोप, परिवार नियोजन, निशुल्क औषधी सेवा उपलब्ध हुनु<br>- मातृमृत्युदर कम हुँदै गएको<br>- रोगव्याधको प्रकोप कम रहेको | - स्वास्थ्य संस्थाका लागि पूर्वाधार, सुविधा, उपकरण, सामाग्रीको कमी<br>- स्वास्थ्य सेवाको लागि प्रर्याप्त जनसक्तिको कम<br>- स्वास्थ्य चौकीमा विषेश तथा जरुरी सेवाहरू जस्तै RUTF (कुपोषण भएका बालबालिकाहरूका लागि) सेवा, सुरक्षित गर्भपतन सेवाको कमी<br>- स्वास्थ्यकर्मीका लागि क्षमता विकासका अवसरमा कमी (SBA, Implant, IUCD, दन्त सेवा) नभएको<br>- परिवार नियोजनका साधनको प्रयोग दरमा कमी<br>- स्वास्थ्य सम्बन्धी चेतना तथा स्वस्थ्य जीवन शैलिको अवलम्बनमा कमी<br>- खानेपानीमा आर्सनिकको मात्रा उच्च रहनु | - मापदण्डअनुसार सबै स्वास्थ्य चौकीहरूका लागि आवश्यक भवन, घेराबार, उपकरणको व्यवस्था गर्ने<br>- स्वास्थ्य क्षेत्रमा काम गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाको स्रोतका लागि गाउँपालिकाले समन्वय र सहजीकरण गर्ने<br>- सबै स्वास्थ्य संस्थाहरूमा सुरक्षित खानेपानीको व्यवस्था अनिवार्य गर्ने<br>- सबै स्वास्थ्य संस्थाहरूमा थप सेवा विस्तार गर्ने<br>- स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तालिम आवश्यकताअनुसार उपलब्ध गराउने र सिकेको सिप व्यवहारमा ल्याउने कुरा सुनिश्चित गर्ने<br>- प्रत्येक वर्ष पूर्ण खोपका लागि बालबालिकाको line listing गर्ने<br>- जन स्वास्थ्य, परिवार नियोजन र सरसफाइ सम्बन्धी प्रचार प्रसारमूलक कार्यक्रमहरू सञ्चालन गर्ने<br>- पर्यावरणीय स्वच्छतासम्बन्धी नीति र कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन<br>- आर्सनिक न्युनीकरणको कार्य सञ्चालन गन |

### ५.१.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच र उपयोग बढाउने ।

**उद्देश्य**

१. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।
२. स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।
३. स्वस्थ बिमा कार्यकमको सुरुवात गरी सम्पुर्ण जनतालाई यसको दायरामा ल्याउने ।

**कार्यक्रम तथा आयोजना**

१. भौगोलिक अवस्थिति र जनसङ्ख्याको आधारमा प्रचलित भवन संहिता अनुसार स्वास्थ्य संस्थाहरू निर्माण गरिने
२. भौतिक संरचनाहरूलाई अपाङ्गमैत्री, बालमैत्री तथा भूकम्प प्रतिरोधी बनाइने
३. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
४. 'सुनौला हजार दिन' सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिइनेछ ।
५.विस्तृत पोषण कार्यक्रम सञ्चालन गर्ने
६. पोषणका कार्यक्रमहरु सघन रुपमा संञ्चालन गरी पूर्ण पोषण उन्मुख रहने
७.नसर्ने रोगको रोकथाम, नियन्त्रण तथा मानसिक स्वास्थ्य कार्यक्रम

### ५.१.४ अपेक्षित उपलब्धि

बालबालिकाहरुको स्वास्थ्यमा अपेक्षित रुपमा सुधार भइ कुपोषणको दर घटेर जानेछ ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ । नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवम् दिगो विकासका लक्ष्यअनुरूप समावेशी र समन्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउनसमेत शिक्षा क्षेत्रको विकास अपरिहार्य छ । शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको संवाहकका रूपमा विकास गर्ने, सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा क्षेत्रका नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् ।

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाउने, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानीअनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत्त शिक्षा सम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ । यसैगरी कक्षा १-१० को ६६ प्रतिशत रहेको टिकाउ दरलाई वृद्धि गर्ने, कक्षा १-५ सम्मको कक्षा छाड्ने दर १४ प्रतिशत र दोहोऱ्याउने दरपनि उच्च रहेकाले यी दरहरूलाई घटाउने साथै बिगत वर्षहरुमा प्रकृतिक प्रकोपबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापन र पुनर्निर्माण गर्ने चुनौती पनि रहेको छ ।

सबै तह र विधाका शैक्षिक पूर्वाधारहरूको विस्तार भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि भएको, साधारण शिक्षाका अतिरिक्त माध्यमिक र उच्च शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको विस्तार भएको र उच्च शिक्षासम्म प्राविधिक तथा व्यावसायिक धारलाई विस्तार गर्न मार्ग प्रशस्त भएको छ । यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, स्वास्थ्य तथा सरसफाइ, वातावरण संरक्षण र आफ्ना हक अधिकारप्रतिको सजगता बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि आधारशिला तयार भएको साथै डिजिटल डिभाइडलाई न्यून गर्दै लैजाने क्रममा शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ ।

### ५.२.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना र अवसर | समस्या तथा चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - मा.वि. ५ मावि, ११ वटा आधारभूत र ....बाल विकास केन्द्र रहेको<br>- महेन्द्रनगरमा रहेको उच्च तथा प्राविधिक शिक्षामा निकटतम भौगोलिक दुरी तथा सहज पहुँच रहेको<br>- विद्यालयमा आधारभूत पूर्वाधार निर्माण तथा व्यवस्थापनमा अग्रसर हुँदै गएको<br>- सीमित विद्यालयमा भए पनि खेल मैदानको उपलब्धता हुनु | - पर्याप्त संख्यामा विद्यालय भवनको कमी<br>- विद्यालयहरूमा बालमैत्री, छात्रामैत्री, अपांगमैत्री पुर्वाधारको कमी<br>- खानेपानी सुविधाको कमी<br>- सिकाइ उपलब्धी दर, निरन्तरता दर र शिक्षक तथा विद्यार्थी नियमिततामा कमी<br>- गुणस्तरीय शिक्षाका लागि सुविधा, प्रविधि, पूर्वाधार र जनसक्तिमा कमी - स्थानीय पाठ्यक्रम तयारीको कमी - सामुदायिक विद्यालयमा जन विश्वासको कमि<br>- अतिरिक्त कृयाकलापको आयोजना र नियमिततामा कमी<br>- उच्च शिक्षाको लागि स्थानीयस्तरमा पूर्वाधार र पहुँचको कमी<br>- अपांगता भएका व्यक्तिका लागि श्रोत कक्षाको कमी<br>- शैक्षिक वातावरणका लागि प्रयाप्त प्रोत्साहनको कमि | - स्थानीय सरकार, प्रदेश सरकार तथा संघसंस्था र समुदायसँगको सहकार्यमा विद्यालय भवन निर्माणका लागि स्रोतको व्यवस्था गर्ने<br>- विद्यालय भवनको प्याकेजमा शौचालय, खानेपानी, तारबारको अनिवार्य व्यवस्था गर्ने<br>- विद्यालय तथा दरबन्दी समायोजन गरी शिक्षकको उपलब्धता बढाउने साथै दरबन्दी थपका लागि प्रदेश र संघीय सरकारसँग पहल गर्ने<br>- शिक्षक तालिमको व्यवस्था गर्ने<br>- अनुगमन तथा मूल्यांकनलाई सहभागितामूलक र प्रभावकारी बनाउने<br>- शिक्षण सिकाइमा आधुनिक प्रविधि भित्रचाउने<br>- विद्यार्थी उपस्थितिलाई गाउँपालिकाको सेवा प्रवाहसँग आवद्ध गर्ने<br>- स्थानीय समुदाय तथा स्थानीय सरकारसँग समन्वय सहकार्य गरी खेल मैदान निर्माण गर्ने<br>- शिक्षा क्षेत्रको विकासका लागि यस क्षेत्रमा काम गर्ने संघसंस्थासँग समन्वय र सहकार्य गर्ने<br>- माध्यामिक विद्यालयमा विद्युतिय पुस्तकालय र प्रयोगशालाको व्यवस्था गर्ने<br>- अपांगता भएका व्यक्तिका लागि श्रोत कक्षा संचालन गर्ने तथा निशुल्क शिक्षा नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गर्न । |

## ५.२.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

१. सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने ।

२. समयको आवश्यकता अनुरूप गुणस्तरीय, व्यावसायिक र सीपयुक्त शिक्षा प्रदान गर्ने ।

३. रोजगारी एवम् स्वरोजगारीका लागि सीपमूलक शिक्षाको विस्तार गर्ने ।

४.लालझाडी गाउँपालिकालाई वैज्ञानिक तथा प्रविधियुक्त वनाई, समग्र विकासमा जोड दिने ।

**उद्देश्य**

१. वैकल्पिक उपायहरूको अवलम्बनबाट सबै तह एवम् प्रकारको शिक्षा र सीपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नु ।

२. सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, सीपमूलक, रोजगारमुखी एवं समसामयिक बनाउने ।

३. शैक्षिक पद्धतिलाई सृजनात्मक, व्यवहारिक, समावेशी र समतामूलक बनाउँदै लैजाने ।

४. समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता, जवाफदेहिता र सुशासनलाई संस्थागत गर्ने ।

५.लालझाडी गाउँपालिकालाई प्रविधियुत्त वनाई, आधुनिक सञ्चार माध्यमको पहुँचमा ल्याउने । सवै सरकारी कार्यालयलाई आधुनिक वनाई वैज्ञानिक विकासमा जोड दिने ।

**कार्यक्रम तथा आयोजना**

१. प्रारम्भिक बालविकासलाई समन्वयात्मक रूपमा विस्तार गर्ने ।

२. रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार गर्ने ।

३. सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।

४. आर्थिक रूपले विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

५. माध्यमिक तह सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूमा उपलब्ध हुनुपर्ने न्यूनतम आधारभूत सुविधाहरूको सूची निर्धारण गरेर विद्यालयहरूमा गुणस्तरको मानक तयार गरी लागु गरिने।

६. विद्यालय शिक्षामा जीवनोपयोगी तथा व्यवहार कुशल सीप समेट्ने गरी पाठ्यक्रमको परिमार्जन गरी कार्यान्वयनमा ल्याइने

७. विद्यालयमा पहूच हुन नसकेका सबैका लागि सबै प्रकारका -दूर शिक्षा, घरमा आधारित शिक्षा र अनौपचारिक शिक्षा निति अबलम्बन गरिने ।

८. जीवनपर्यन्त शिक्षा, अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षापद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

९. विभिन्न सरोकारवाला निकायसँग समन्वय गरेर लालझाडी गाउँपालिकालाई वैज्ञानिक एवं प्रविधियुत्त वनाउने ।

१०.वडा कार्यालय तथा सम्पुर्ण सरकारी कार्यालयलाई आधुनिक सरकारी माध्यमको पहुचमा ल्याउने ।

११ सम्पुर्ण जनसमुदायलाई आधुनिक प्रविधिको वारेमा तालिम, अन्तरक्रिया तथा छलफल गर्ने ।

## ५.२.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. गुणस्तरीय प्राविधिक तथा व्यावसायिक तालिमको पहुँचका लागि आधार सुनिश्चित भएको गाउपालिका स्थापना हुनेछ । विद्यालय बाहिर रहेका अपांगता भएका,बिपन्न तथा अन्य पछाडी पारीएका बर्गलाई मध्य नजर गरेर विशेष व्यवस्था हरुको उपलब्धता रहनेछ ।

२. लालझाडी गाउँपालिकालाई वैज्ञानिक प्रविधियुक्त वनाई आधुनिक सञ्चार माध्यमको पहुँचमा सवै जनसमुदायलाई ल्याइनेछ ।

## ५.३ खानेपानी तथा सरसफाइ

## ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ । खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रूपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनु आवश्यक भएको छ । हाल आधारभूत स्तरको खानेपानी सेवाको संरचना पुगेको जनसङ्ख्या ९९ प्रतिशत र सरसफाइ सुविधाबाट लाभान्वित जनसङ्ख्या ९६ प्रतिशत पुगेको छ । खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र सम्पुर्ण गाउंपालिकालाई खुला दिसापिसाबमुक्त क्षेत्रको घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ । यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ ।यस गाउंपालिकामा रहेका ३४६१ घरपरिवार मध्ये ९१.८ प्रतिशत घरपरिवारमा कुनै न कुनै किसिमको सौचालय भएको र बांकी ८.२ घरपरिवारमा कुनै किसिमको सौचालय नभएको रहेकोछो छ । तथ्यांक अनुसार ३६.३५ प्रतिशत घरपरिवारले साधारण सौचालय प्रयोग गर्ने गरेको देखिन्छ । गाउंपालिकामा रहेका यी ८.४ प्रतिशत घरपरिवारमा स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने शौचालयको प्रयोग नभएकाले, जनचेतनामुलक कार्यक्रमको तिब्र आवश्यक रहेको छ । लालझाडी गाउँपालिकामा खानेपानीको प्रमुख स्रोतमा सवैभन्दा वढी ९४.२ ले ह्याण्डपम्म, ट्युववेलको पानी प्रयोग गर्ने गरेका छने जुन पानी स्वास्थ्यको दृष्टीकोणले सुरक्षित छैन ।

## ५.३.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भनावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - खानेपानीको रुपमा भूमिगत पानीको उपयोग र सहज पहुँच<br>- शौचालय निर्माणको क्रम बढि रहेको<br>- खानेपानी तथा सरसफाइको | - स्वच्छ खानेपानी उपलब्धता र पहूँचमा कमी<br>- व्यवस्थापनको कमी<br>- व्यक्तिगत सरसफाइमा कमी<br>- सरसफाइ सम्बन्धी चेतनाको कमी | - नेपाल सरकार र गैससहरूसँगको सहकार्यमा स्वच्छ खानेपानी आयोजनाहरू सञ्चालन गर्ने<br>- आर्सनिकको प्रभाव कम गर्न बैकल्पिक उपायको अवलम्बन गर्नु |

| | | |
|---|---|---|
| क्षेत्रमासंस्थाहरूको सहयोगमा सञ्चालित कार्यक्रम सञ्चालनमा रहेको | - प्लास्टिक र सिसाजन्य फोहोरको व्यवस्थापनमा कमी<br>- खुला दिशामुक्त क्षेत्रको कार्यान्वयनमा कमी | - सरसफाइ अभिवृद्धि सम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने<br>- सौचालय नभएका घरपरिवारमा सौचालय निमार्ण र उपयोगलाई अनिवार्य गर्नु । |

### ५.३.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबै जनसङ्ख्यालाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने ।

**उद्देश्य**

१. सबै जनसङ्ख्यालाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु ।
२. उच्च स्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्नु ।

**कार्यक्रम तथा आयोजना**

१. खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।
२. बजारक्षेत्रको खानेपानी तथा ढल निकाससम्बन्धी आयोजनाहरू स्तरोन्नति गरिने ।
३. सुख्खाग्रस्त क्षेत्रको पहिचान गरी उक्त स्थानमा खानेपानी आयोजना सञ्चालन गरिने ।
४. खानेपानी स्रोतहरूको अभिलेखन गरिने ।
५. खानेपानी तथा ढलसम्बन्धी महसुल निर्धारण प्रक्रियालाई परिमार्जन गरिने ।
६. 'एक घर एक शौचालय' को व्यवस्थालाई कार्यान्वयनमा ल्याइने ।
७. गाउंपालिकाको आर्थिक, सामाजिक एवम् सांस्कृतिक महत्वका नदीनालाहरू तथा अन्य पानीका स्रोतहरू र तालतलैयाहरूको संरक्षण तथा वातावरणीय व्यवस्थापन गर्ने कार्य सञ्चालनमा ल्याइने ।
८. सार्वजनिक स्थल, संस्था र मानिसको आवागमन बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गरिने ।

### ५.३.४ अपेक्षित उपलब्धि तथा नतिजा

योजनाको प्रथम वर्षमा ४५ प्रतिशत, दोस्रो वर्षमा ६० प्रतिशत र तेस्रो वर्षमा ७५ प्रतिशत  चौथो वर्षमा ८० प्रतिशत  पाचौ वर्षमा १०० प्रतिशत खानेपानी सेवा पुगेको हुनेछ । आधारभूत सरसफाई सेवामा प्रथम वर्षमा ४० प्रतिशत, दोस्रो वर्षमा ५० प्रतिशत र तेस्रो वर्षमा ६०  प्रतिशत  चौथो वर्षमा ७५ प्रतिशत  पाचौ वर्षमा ९० प्रतिशत जनताको पहुँच पुगेको हुनेछ । निर्माण भएर पनि सञ्चालनमा नरहेका खानेपानी आयोजनाहरूको मर्मतसम्भार तथा पुनर्स्थापना भई सञ्चालनमा आएको हुनेछ । मापडण्ड अनुसारका सौचालय १०० प्रतिशत घर धुरीमा हुनेछ । फोहर मैला व्यवस्थापनका लागी आधुनिक प्रबिधी संचालनमा ल्याइने छ। ढल निर्माण, निकास तथा व्यवस्थापन राम्रो हुनेछ

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन् । विविध सरकारी प्रयासका कारण महिला घरमूली १२.८५ प्रतिशत, सम्पत्तिमाथि महिलाको स्वामित्व १० प्रतिशत, महिला साक्षरता ६९ प्रतिशत पुगेको छ । लैङ्गिक असमानता सूचक ०.४८९, महिलाको मानव विकास सूचक ०.५२१ र गाउँपालिकामा सहभागिता ३३ प्रतिशत पुगेको छ । त्यसैगरी सरकारद्वारा सञ्चालित कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट आ.व. २०७३/७४मा २२.३ प्रतिशत पुगेको छ । बालविवाह २९ प्रतिशत रहेको छ जुन महिला विकासको अवरोधको रूपमा रहेको छ । आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने, महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने, राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने, महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, गाउँ कार्यपालिकामा चारजना तथा नगर कार्यपालिकामा पाँचजना महिला सदस्य रहने, जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभा र नगरसभाको गठन हुने, राष्ट्रिय महिला आयोग संवैधानिक आर्थिक-सामाजिक जीवनमा महिलालाई पुरुषकै हाराहारीमा ल्याउनु, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउनु, महिलाहरूबीच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्नु, ग्रामीण महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउनु र बालविवाह, दाइजो प्रथा, छाउपडी र बोक्सीजस्ता कुरीतिजन्य व्यवहार अन्त्य गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

लैङ्गिक समानता तथा महिला सशक्तीकरणको लागि कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार ऐन, बोक्सीसम्बन्धी (कसुर र सजाय) ऐन, सबै सरोकारवाला निकायहरूमा लैङ्गिक सम्पर्क विन्दुहरूको स्थापना, लैङ्गिक हिंसा निवारण र एकल महिला सुरक्षा कोषको स्थापना तथा सञ्चालन हुनु, संविधानमा महिलासम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरिनु र सङ्घदेखि स्थानीय तहसम्म महिला प्रतिनिधित्वको सुनिश्चितता, लैङ्गिक हिंसालाई महिला समानता र सशक्तीकरणको बाधकको रूपमा राज्यद्वारा स्वीकार गरी त्यसको निराकरणको लागि विभिन्न नीति, योजना तथा कार्यक्रम सञ्चालन गरिनुलाई यस क्षेत्रको अवसरको रूपमा लिइएको छ ।

नेपालको कुल जनसङ्ख्यामध्ये ३९.८ प्रतिशत १६ वर्षसम्मका बालबालिका रहेका छन् । त्यसैगरी १०-१९ वर्ष समूहका बालबालिका तथा किशोरकिशोरी २४.२ प्रतिशत रहेका छन् । बालबालिका तथाकिशोरकिशोरीको लागि बाल बचावट, संरक्षण, सहभागिता र विकाससम्बन्धी रणनीति लिई विभिन्नकार्यक्रमहरू सञ्चालन गरिएका छन् । देशभरी २२,४५७ बालक्लब गठन तथा सञ्चालन, मुलुकभर३५,१७४ प्रारम्भिक बालविकास केन्द्रहरूको सञ्चालन, सडक बालबालिकाको उद्धार, संरक्षण तथाव्यवस्थापन मार्गदर्शन, २०७२ को कार्यान्वयन, नेपालद्वारा बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ को अनुमोदन र अन्य बाल अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र इच्छाधीन आलेखहरूमा गरेको प्रतिबद्धताअनुसारका कार्यक्रमसमेत सञ्चालन गरिएका छन् । बालबालिका तथा किशोरकिशोरीहरूको शैक्षिक सहभागितामा उल्लेख्य वृद्धि भएको छ । नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेअनुरूप उनीहरूका हक-अधिकारहरूको उपभोगका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक रहेको छ ।

### ५.४.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - लक्षित वर्गको सचेतना बढ्दै गएको तथा सँगठित हुँदै गएको<br>- लक्षित वर्गको पक्षमा संविधानमा व्यवस्था भएको<br>- सामाजिक सुरक्षा भत्तामा विशेष व्यवस्था भएको<br>- समानुपातिक समावेशीकरणको व्यवस्था भएको<br>- विद्यालयमा दलित, अपांग तथा छात्रको लागि प्रोत्साहन भएको<br>- महिला तथा अपांगता भएको व्यक्तिको नाममा जग्गा पास गर्दा २५ प्रतिशत राजश्वमा छुट<br>- समानुपातिक समावेशीकरणको व्यवस्था भएको<br>- वाल विवाह र बहुविवाह अन्त्यका लागि कानुनी व्यवस्था भएको<br>- वालवालिकाको हितमा वालक्लव गठन र वालमैत्री परिवेशको निर्माणमा कार्यहरु हने गरेको<br>- सार्वजनिक यातायातको टिकटमा अपांग, जेष्ठनागरिकलाई छुटको व्यवस्था भएको<br>- जेष्ठ नागरिकहरूमा जीवनभरिको अनुभवबाट थुप्रै ज्ञान, सीप भएको<br>- अपांगता भएका स्वावलम्बनको लागि इच्छासक्ति रहेको<br>- अपांगता भएका बालबालिकाका लागि जिल्लामा तीनवटा स्रोत कक्षाको व्यवस्था भएका | - लैगिक तथा जातीय विभेद कायम रहेको<br>- नियम कानुनको प्रभावकारी कार्यान्वयनमा कमी<br>- परम्परागत सीपको संरक्षण र व्यवसायीकरणमा कमी<br>- निर्णायक तहमा समावेशीकरणमा कमी<br>- दलितहरू आर्थिक र शैक्षिकरुपमा मुलप्रवाहिकरणमा कमी<br>- घरेलु हिंसा र कुप्रथाको अन्त्य नहुनु<br>- महिला बहुकार्य बोझमा रहेको<br>- आर्थिक तथा सामाजिक क्षेत्रमा महिला, दलित, अपांगता भएका व्यक्तिको सहभागीतामा कमि हुनु<br>- अपांग तथा महिलामा आत्मविश्वास र आत्मनिर्भरको कमी - वालमैत्री व्यवहार र पूर्वाधारको कमी<br>- सामाजिक सुरक्षा भत्ता सहज उपलब्धतामा कमी<br>- जेष्ठ नागरिकको जीवन यापनको सहजतामा कमी<br>- जेष्ठ नागरिकहरूमा रहेको ज्ञान, सीप नयाँ पीढीमा हस्तान्तरणमा कमी<br>- फरक क्षमता भएका व्यक्तिका लागि उपयुक्त प्रोत्साहन र अवसरहरू कमी<br>- वालमैत्री तथा अपांगमैत्री पूर्वाधारको कमी<br>- अपांग परिचय पत्र वितरण प्रकृया जटिल हुन | - गाउँपालिकाले दलित वर्गको क्षमता अभिवृद्धिका लागि चेतनामूलक र अन्य कार्यक्रमहरू सञ्चालन गर्ने<br>- नीतिगत व्यवस्थाहरूको कार्यान्वयनलाई गाउँपालिकाको सेवा प्रवाहसँग आवद्ध गर्ने<br>- अपांग, दलित र छात्राहरूका लागि उच्च शिक्षाको लागि छात्रवृत्तिको व्यवस्था गर्ने<br>- गाउँपालिकाअन्तर्गका विद्यालयहरूमा अनिवार्य एक दलित शिक्षकको व्यवस्था गर्ने<br>- सार्वजनिक स्थलमा हुने भेदभावको अन्त्य गर्ने<br>- दलित समुदायका लागि आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने<br>- दलित, अपांगलगायत सबै अनाथ बालबालिकालाई गाउँपालिकाले संरक्षणको व्यवस्था गर्ने<br>- लैंगिक तथा जातीय विभेद अन्त्यका लागि संविधान कानुन बमोजिम स्थानीय सरकारले कडा कारबाहीको व्यवस्था गर्ने तथा गाउँपालिकाको न्यायिक समितिलाई प्रभावकारी बनाउने<br>- सामाजिक कार्यमा महिला सहभागिताको लागि पुरुषहरूलाई प्रोत्साहन गर्ने<br>- हिंसा पिडित महिलाका लागि सुरक्षित आवासको निर्माण गर्ने<br>- लैगिंक समानताका लागि टोलस्तरमा आमा समुहको गठन र पुर्नगठन गरि परिचालनलाई प्रभावकारी गराउने<br>- अति विपन्न परिवारलाई आयमूलक तथा सीपमूलक कार्यक्रममा संलग्न गराउने<br>- बालमैत्री शैक्षिक पूर्वाधारको निर्माण गर्ने<br>- बाल विवाह र वाल हिंसालाई अन्त्य गर्न पहल गर्ने<br>- जेष्ठ नागरिकहरूका लागि स्थानीय सरकारले वृद्ध आश्रमको व्यवस्था गर्ने<br>- जेष्ठ नागरिकहरूको सम्मान तथा अनुभव आदान प्रदानको अवसर सृजना गर्ने<br>- सामाजिक सुरक्षा भत्ता सहज हुने स्थानमा खाता खोल्ने र भत्ता दिने व्यवस्था मिलाउने<br>- सामाजिक सुरक्षा भत्ताको सुविधाबाट बञ्चित भएका सबैलाई भत्ता उपलब्ध गराउन पहल गर्ने<br>- सबै अपांगहरूलाई उपयुक्त सीपमूलक तालिमको व्यवस्था गर्ने<br>- अपांगकालागि आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा प्रोत्साहन गर्ने<br>- अपांगमैत्री पूर्वाधार निर्माणलाई प्रोत्साहन गर्नु |

## ५.४.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

१.सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्ने ।

२.बालबालिका विरूद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोरकिशोरीलाई संरक्षण गर्ने ।

**उद्देश्य**

१. सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गर्नु ।

२. महिलाविरुद्ध हुने सबै किसिमका हिंसा, विभेद र बहिष्करण अन्त्यका लागि कार्यक्रम सञ्चालन गर्ने ।

३. राजनीतिक, आर्थिक, सार्वजनिकलगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु ।

४. बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।

५. बालबालिका र किशोरकिशोरीउपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा र दुर्व्यवहारहरूलाई उन्मूलन गर्ने ।

६. सबै किसिमको बालश्रम र बालबिबाह उन्मूलन गर्ने ।

**कार्यक्रम तथा आयोजना**

१. महिलाहरूको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन गरिने

२. लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गर्न सामुदायिक संस्थाहरूको परिचालन गरिने

३. लैङ्गिक समानता तथा सशक्तीकरणको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गरिने

४. महिलाहरूको हक अधिकारको संरक्षणको लागि लैङ्गिक हिंसा निवारणलगायत आवश्यक नयाँ कानुनहरूको निर्माण, विभेदकारी कानुनहरूको परिमार्जन र प्रभावकारी कार्यान्वयन एवम् सोको अनुगमन तथा मूल्याङ्कन गरिने

५. लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिको आधारमा ऐन निर्माण गरी प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरिने।

६. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति सामाजिक विभेद तथा भ्रम हटाउन सरोकार संस्थाकै सहभागितामा पैरबी र प्रचारप्रसार गरिने

७. अपाङ्गता भएका व्यक्ति (विशेष गरी महिला) माथि हुनसक्ने हिंसाको अन्त्य गर्दै रोजगारी र स्वरोजगारीका लागि कार्यक्रम सञ्चालन गरिने

८. महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक-सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिने

९. बालविवाह, चाँडो हुने विवाह र जबरजस्ती विवाह विरूद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलक कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गरिने

१०. बालविकास केन्द्रका स्थापना गरी बाल अधिकारको सुनिश्चता हुने ।

११. सबै प्रकारका बालश्रमलाई न्यूनीकरण गर्दै यसलाई निषेध गरिने ।

१२. बालबालिका तथा किशोरकिशोरीहरूलाई उनीहरूसँग सम्बन्धित विषयहरूमा परामर्श दिने प्रणालीको थालनी गरिने

१३. बालबालिका र किशोरकिशोरीको लालनपालन, शिक्षा तथा नैतिक विकासको निम्ति उपयुक्त वातावरण निर्माण गर्न परिवारलाई उत्प्रेरित गरिने ।

### ५.४.४ अपेक्षित उपलब्धि

आर्थिक तथा सामाजिक जीवनमा पुरुष र महिलाको उपस्थिति समानता उन्मुख भएको, गाउपालिका संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत पुगेको, प्रत्यक्ष रूपले लैङ्गिक उत्तरदायी बजेट विनियोजनको अनुपात कम्तीमा २७ प्रतिशत पुगेको, महिला विकास कार्यक्रममार्फत सवै वडामा समूह भएको हुनेछ र सवैलाई समेटेको, लैङ्गिक हिंसा घटेको, हिंसा पीडित महिलाहरूको लागि पुनर्स्थापना केन्द्र स्थापना भई तिनीहरूको पुनर्स्थापना भएको हुनेछ । बाल अधिकारका विषयहरूसँग सम्बन्धित निकायहरूलाई आवश्यक बजेट तथा कार्यक्रम प्राथमिकताका साथ व्यवस्था भएको हुनेछ । बालबालिका तथा किशोरकिशोरीसम्बन्धी सेवा प्रवाह गर्ने निकाय सुदृढ भएको, उनीहरूउपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारमा कमी आएको र अभिभावकबिहीन, बेसहारा, गरिब परिवारका बालबालिका तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण भएको हुनेछ । अभिभावकबिहिन बालबालिकाको संरक्षणका लागि प्रत्येक प्रदेशमा बालबालिका संरक्षण केन्द्रको स्थापना भई सञ्चालन भएको हुनेछ

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवावर्गको भूमिका महत्वपूर्ण रहेको हुन्छ । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यो वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिएको छ । लालझाडी गाउंपालिकामा १५ देखि ४५ वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याका ५५.०६ प्रतिशत रहेको छ । शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्ति विकास गरी यो जनसाङ्ख्यिक प्रवृत्तिलाई पुँजीकृत गर्दै राष्ट्र निर्माणमा लगाउन सकिएमा युवाहरूले देशको सामाजिक एवम् आर्थिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन् । स्वदेशमा मध्यम र उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने प्रवृति रोक्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु र युवाको क्षमता अभिवृद्धिसम्बन्धी तालिम सञ्चालन गर्नका लागि तालिम प्रदायक निकायहरूबीच समन्वय सुदृढ गर्नु यस क्षेत्रका चुनौती हुन् । बढ्दो युवा जनसङ्ख्यालाई सीप र उद्यमशीलतायुक्त बनाई जनसाङ्ख्यिक लाभांश हासिल गर्ने पर्याप्त सम्भावना रहनु, लोकतन्त्रको पुनर्स्थापनापछिका सरकारहरूमा युवालाई राष्ट्र निर्माणमा मूलप्रवाहीकरण गर्ने राजनीतिक सोच र इच्छाशक्ति देखिनु, युवामा आफ्नो शक्ति र भूमिकाप्रति जागरूकता आउनु, युवा लक्षित कार्यक्रमहरूलाई विस्तार गर्नका लागि आधार तयार हुनु, राष्ट्रिय विकासमा युवा

सहभागिता अभिवृद्धि गर्दै उनीहरूका अधिकारहरूको उपयोग गर्ने वातावरण सिर्जना गर्ने संवैधानिक प्रतिबद्धता आदि यस क्षेत्रका अवसर हुन् ।

स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्न खेलकुदलाई प्रमुख आधारको रूपमा लिइन्छ । राष्ट्रको प्रतिष्ठा वृद्धि गर्ने र विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवम् समुदायबीच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउन खेलकुदको योगदान महइभ्वपूर्ण रहेको हुन्छ । नेपालको खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यताअनुसार साङ्गठनिक ढाँचामा समयसापेक्ष सुधार गर्ने तथा सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रबीच समन्वय, सहकार्य एवम् साझेदारीको वातावरण सिर्जना गरी खेलकुदको विकास र विस्तार गर्दै यसलाई जनजीवनको अभिन्न अङ्ग बनाउने प्रयास गरिएको छ । खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान् मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी 'सबैको लागि खेलकुद' भन्ने अभियानलाई साकार पार्न खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक छ ।

## ५.५.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या र चुनौती | उपयोग रणनीति |
|---|---|---|
| – युवाको सृजनशिलता, उत्पादन र रुपान्तरणमा योगदान रहेको<br>– खेल क्षेत्रमा विविधिकरण र स्तरीकरण हुँदै गएको<br>– खेलप्रति युवा पुस्ताकोलगाव बढी हुनु तथा क्षेत्रीयस्तरका खेलाडी रहेको –<br>खेलकुद क्षेत्रका लागि राज्यले विस्तारै महत्व दिँदै गएका | – रोजगारीका अवशरमा कमि<br>– उपयुक्त खेल मैदानको कमी<br>– खेल प्रशिक्षणको कमी<br>– नियमित खेलकुद प्रतियोगिताको कमी<br>– खेल क्षेत्रमा प्रोत्साहनको कमी<br>– खेलकुदको व्यवसायिकतामा कम | – युवा स्वरोजगारका लागि तालिम तथा अवसरको सृजना गर्ने<br>– गाउँस्तरीय तथा वडास्तरीय खेल मैदानको व्यवस्था गर्ने<br>– नियमित खेलकुद प्रतियोगिताका लागि निजी क्षेत्र र संघ संस्थाहरूसँग समन्वय गर्ने<br>– संघीय तथा प्रदेश सरकार र गैससँग समन्वय र सहकार्य गरी खेलकुदका पूर्वाधारका निर्माण गर्ने<br>– खेल प्रशिक्षकको व्यवस्था गर्ने |

## ५.५.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

१.युवाहरूलाई राष्ट्रको सर्वाङ्गीण विकासमा मूलप्रवाहीकरण गरी सृजनात्मक तथा उत्पादनमूलक क्रियाकलापहरूमा संलग्न गराई मुलुकको सर्वाङ्गिण विकासमा योगदान पुऱ्याउने ।

२.खेलकुद क्षेत्रको विकास गरी स्वस्थ, अनुशासित, सृजनात्मक र क्रियाशील नागरिक निर्माण गर्ने ।

**उद्देश्य**

१. युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक-सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु ।

२. युवालाई सर्वाङ्गीण राष्ट्र निर्माणको संवाहक बनाउनु ।
३. खेल पूर्वाधारको विकास तथा विस्तार गर्नु ।

४. खेलाडी तथा खेलकुद प्रतियोगितालाई गुणात्मक बनाउनु ।

५. स्काउटको सुदृढीकरण तथा विस्तार गर्नु ।

**कार्यक्रम तथा आयोजना**

१. युवामा प्राविधिक शिक्षा र क्षमता अभिवृद्धि कार्यक्रम मार्फत उद्यमशीलता प्रवर्द्धन गरिनेछ ।

२. युवामा नैतिकता, चारित्रिक गुण एवम् अनुशासनको विकास गरी राज्य र समाजप्रति दायित्वबोध गराउने तथा श्रमप्रति सम्मान गर्ने संस्कार विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
३. गाउंपालिकामा नै रोजगारीका अवसरहरू सिर्जना गरी युवा बेरोजगारका समस्यालाई क्रमिक रूपमा समाधान गरिने ।

४. युवालाई स्वरोजगारमा संलग्न गराउन युवा स्वरोजगार कोषलाई प्रभावकारी रूपमा परिचालन गरिने ।

५. खेलकुदका स्थानीय तथा राष्ट्रिय स्तरका भौतिक संरचना तथा पूर्वाधारहरूलाई अन्तर्राष्ट्रिय स्तरको मापदण्डबमोजिम सुधार गरिनेछ ।

६. विद्यालयहरुमा खेलकुदको पूर्वाधार निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ।
७. राष्ट्रिय स्तरको रङ्गशाला सार्वजनिक-निजी साझेदारीमार्फत निर्माण गरिनेछ।
८. सबै विद्यालयहरूमा स्काउटको कार्यक्रम सञ्चालन गरिनेछ।
९. स्थानीय स्तरमा सम्भाव्यताका आधारमा खेल प्रतिष्ठान र प्रशिक्षण केन्द्रको स्थापना गरिने।
१०. खेलकुदको विकास र विस्तारका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरूसँग एकीकृत रूपमा, समन्वय र सहकार्य गर्दै खेलकुदको संस्थागत संरचनामा समयसापेक्ष सुधार गरिने।
११. विशेष तथा पारा खेलकुदहरूको विकास र विस्तारमा जोड दिइनुका साथै अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित खेलकुद प्रतियोगिताको सञ्चालन तथा उनीहरूको सहभागिताका लागि प्रोत्साहन गरिनेछ।

### ५.५.४ अपेक्षित उपलब्धि

युवाहरूमा सकारात्मक सोचको विकास भई स्वयंसेवामा संलग्न भएका हुनेछन्। युवाको क्षमता अभिवृद्धि भई स्वरोजगार र उद्यमशील भएको, युवा प्रतिभाहरू सम्मानित भएको र स्वयंसेवा गर्न इच्छुक युवाहरू स्वयंसेवा अभियानमा संलग्न भएका हुनेछन्।
गाउंपालिकामा कम्तीमा एउटा रङ्गशालाको निर्माण तथा स्तरोन्नति भएको, १ वटा क्रिकेट मैदान र ६ ओटा कभर्डहल निर्माण भएको, प्रदेश स्तरिय तथा राष्ट्रिय खेलकुद प्रतियोगिताहरूको सञ्चालन तथा सोमा सहभागिता वृद्धि भएको, प्रशिक्षण प्राप्त गर्ने खेलाडीहरूको सङ्ख्या बृद्धि, राष्ट्रिय खेलकुदमा विजयी खेलाडीहरू पुरस्कृत भएको, स्काउटरको सङ्ख्या वृद्धि भएको र स्काउट स्वयंसेवक परिचालन भएको हुनेछ

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

कुनैपनि ठाउको विकासमा त्यस ठाउको भौगोलिक अवस्थितिले प्रत्यक्ष असर पारेको हुन्छ। किनकि त्यस ठाउमा विकास निर्माणका कायृहरु सञ्चालन गर्ने प्रक्रिया भौगोलिक अवस्थाले पनि निर्धारण गरिरहेको हुन्छ। वस्ती विकास गर्दा भुमि संग प्रत्यक्ष सम्बन्धित हुने भएकाले त्यसमा दीर्घकालिन सोच राखेर त्यस्ता पूर्वाधारहरु खडा गरिएनन भने भविष्यमा त्यसले समस्या निम्त्याउन सक्छ।, जसले गर्दा पछिल्ला विकास निर्माणमा असर गर्दछ। व्यवस्थित वस्ती विकास एक चुनौति पनि हो जसले त्यस ठाउको विकास निर्माणमा प्रत्यक्ष असर गर्दछ।

### ६.१.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयका लागि भवन रहेको - भवन मापदण्ड र नक्सापास नियमावली तयारी सम्बन्धी कार्यपालिकाबाट निर्णय भएको<br>- स्थानीय स्तरमा बजारहरु रहेको र विस्तार हुँदै गएको<br>- पक्की घरको निर्माण बढ्दै गए | - बजार केन्द्रमा प्रमुख तथा सहायक पूर्वाधारकोकमि<br>- भवन निर्माण मापदण्डको आवश्यक कानूनी तथा नीतिगत व्यवस्था र सोको परिपालनामा कमी - भूकम्प प्रतिरोधी भवन निर्माण तथा सो सम्बन्धी सचेतना तथा जानकारीमा कमी<br>- गाउँ कार्यपालिका र वडा कार्यालयमा आवश्यक पूर्वाधारको कमि<br>- एकीकृत वस्ती विकासको कमि | - सडक, नाली, पाकिङ्गस्थल, सार्वजनिक शौचालय, सटर, संकलन तथा वितरण केन्द्र, हरियाली क्षेत्र र खुल्लास्थान सहित बजार केन्द्र व्यवस्थित गर्ने<br>- हरियाली तथा मनोरञ्जन पार्कसहित निर्माण गर्ने<br>- सामुदायिक भवनसहित सुरक्षित आश्रयस्थल निर्माण गर्ने<br>- एकीकृत सेवा प्रवाहसहितको गाउँ कार्यपालिका भवन र वडा कार्यालय भवनहरू निर्माण गर्ने<br>- गाउँ/वस्तीमा पार्क र सुरक्षित खुल्ला क्षेत्रेको व्यवस्था गर्ने<br>- प्राविधिक, निर्माण व्यवसायी र सिकर्मी, डकर्मीका लागि भूकम्प प्रतिरोधी प्रविधि तथा निर्माण सम्बन्धी तालिम प्रदान गर्ने<br>- नक्सा पास, भूकम्प प्रतिरोधी निर्माण, सडक अधिकार क्षेत्र र मापदण्डबारे सचेतना कार्यक्रम सञ्चालन गन |

## ६.१.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

व्यवस्थित वस्ती विकास गरेर त्यस ठाउको दीर्घकालिन विकासमा टेवा पुरयाउनु ।

**उद्देश्य**

१. व्यवस्थित वस्ती बसाल्नु

२. विभिन्न आवश्यककीय पूर्वाधारहरुको समुचित विकास गर्नु

३. मानिसका आधारभुत आवशयकताहरुको परीपुर्ती

**कार्यक्रम तथा आयोजना**

बजार र सबै आवश्यकताको परीपूर्ति सहज रुपमा हुने स्थानलाई बर्सको रुपमा लिइने छ ।

## ६.१.४ अपेक्षित उपलब्धि

व्यवस्थित वस्तीको विकास मार्फत दिर्घकालिन विकास निर्माणका कार्यहरु सञ्चालन भएका हुनेछन । वस्तीका विभिन्न क्षेत्रहरुको निर्धारण गरी निश्चित क्षेत्रमा निश्चित वस्तुहरुको उत्पादन तथा उपलब्धता हुनेछ ।

## ६.२ सडक, पुल तथा यातायात

## ६.२.१ पृष्ठभूमि

यातायात पुर्वाधार तथा सडक सञ्जाल विकास निर्माणको प्रमुख आयामको रुपमा मानिन्छ । सडकको विस्तार भएपछि मानिसहरुको क्रियाशिलता बढनुको साथै, उनीहरुले आयआर्जन, शिक्षा, रोजगारी का अवसरहरु बढन गइ सिंगो ठाउकोनै आर्थिक, सामाजिक, शैक्षिक, भौतिक, राजनैतिक तथा समग्र विकासमा फडको मार्न सक्दछ । हाम्रो देशको भु वनावट तथा अधिकांस भु भाग पहाडी क्षेत्र भएको हुदा यहा विभिन्न पुर्वाधारका आयोजनाहरु निर्माण गर्न कठिन देखिन्छ ।

लालझाडी गाउपालिकाको वस्तुस्थिति हेर्दा यस ठाउमा पनि यातायातको तथा सडक सञ्जालको विकराल अवस्था रहेको छ । विकासमा टेवा पुर्‍याउन सडक यातायातको महत्वपूर्ण योगदान रहेता पनि यस गाउँपालिकाका अधिकांस सडकहरु कच्ची र निर्माणाधिन रहेका छन् भने भएका कच्ची सडकहरुमा पनि बर्षातको समयमा यातायातका साधनहरु चल्ने गरेको पाइदैन । यस गाउपालिकामा नया ट्र्याक खोल्ने काम संगसंगै पुराना सडकको स्तरोन्नतीलाई प्राथमिकतामा राखेर योजना निर्माणका कार्य भै रहेका छन् । जल्ले गर्दा बर्षातको समयमा पनि यस पालिका क्षेत्रमा यातायातका साधनहरु गुडने सम्भावना देखिन्छ । लालझाडी गाउँपालिकालाई कुनै पनि मुख्य तथा साहायक राजमार्ग /सडकले पुर्ण रुपमा जोड्न सकेको छैन, सिजनमा मात्र यो क्षेत्रमा साना जिप, स्करपिओ मात्र निजी व्यक्तिहरुले वा संस्थाहरुले काम विषेशले यो क्षेत्रमा ल्याउने गर्दछन । लालझाडी गाउँपालिका पुर्वमा घनघोर लालझाडी मोहना संरक्षित बन क्षेत्रले घेरेको छ भने उत्तर, पश्चिम र दक्षिणमा दोदा नदिले घेरेको हुनाले यो क्षेत्रमा सडक संजाल विस्तार हुन सकेको छैन दोदा नदिमा पक्की पुल नहुदा र बन क्षेत्रमा सडक संजाल विस्तार गर्न नसकिदा कुनै पनि किसिमका सवारि साधनहरु यो क्षेत्रमा चल्दैननन् । लालझाडी गाउँपालिकालाइ कुनै पनि मुख्य तथा साहायक राजमार्गमा जोड्न नसकिएको हुनाले यो क्षेत्रका समुदायले स्वास्थ्य सेवा समयमा लिन नसक्दा अकालमा ज्यान समेत गुमाउने गरेकोले सम्बन्धीत सरोकारवाला सबै पक्षले यो विषयमा ध्यानदिनु जरुरी देखीन्छ । सडक संजाल विकासको मेरुदण्डको रुपमा रहनेहुँदा समयमै गाउँपालिकाका सडकलाई मुख्य तथा साहायक राजमार्गमा जोड्न जरुरी देखीन्छ ।

## ६.२.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| – गाउँपालिका भित्र कुल सडक सञ्जालको लम्बाई ....... किलोमिटर मध्य .......किमि कालोपत्रे सडक रहेको<br>– सडक निर्माणका लागि कच्चा पदार्थ ढुंगा, बालुवा स्थानीय स्तरमा उपलब्ध भएको<br>– यान्त्रिक पद्धतिबाट सडक निर्माण गर्न एक्साभेटर, बुल<br><br>डोजरहरू र श्रममा आधारित निर्माण गर्न जनशक्ति उपलब्ध भएको<br>– परम्परागत रुपमा निर्माण र संरक्षण रहेका पैदल बाटोहरु रहेक | – सडक यातायात सुविधाको सहज उपलब्धता, पहुँच र गुणस्तरीयतामा कमी<br>– सडकको मापदण्ड निर्धारण र पालनामा कमि<br>– सार्वजनिक यातायातमा पहुँचको कमी<br>– पैदल बाटो तथा सडक पूर्वाधारको संरक्षण र दिगोपनामा कम | – विद्यमान सडकलाई स्तरोन्नती तथा सडक सुविधा नपुगेको स्थानमा सडक पूर्वाधारको विस्तार गर्ने<br>– सडक सुविधाको स्तरीयताका लागि विश्वसनीय सहायक पूर्वाधारको निर्माण गर्ने ( कल्भर्ट, पुल, कजवे) |

## ६.२.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

लालझाडी गाउपालिकाको अन्य वरपरका क्षेत्र संग पनि सम्पर्क, समन्वयमा बृद्धि हुन गइ यस क्षेत्रले दिगो विकासका लागि ठोस निति नियम तय गरी अघि बढने छ।

**उद्देश्य**

१. गाउपालिका भित्र दिगो सडक सञ्जालको व्यवस्था गरी यस गाउपालिका भित्रका मानिसहरमा उधमशिलता विकास गर्ने

२. उत्पादित वस्तुहरु सहज रुपमा बाहिर लैजाने र आवश्यक वस्तु भित्रयाउन कठिनाइ नहुने अवस्था।

३. यस क्षेत्रको पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने

**कार्यक्रम तथा आयोजना**

१. सडक सञ्जालमा आबद्ध भइनसकेका गाउँहरूमा सडक सम्बन्ध विस्तार गरिने।

२. गाउँपालिकासम्म पुग्ने सडकलाई पक्की वनाउनका साथै सवै सडकहरुको स्तोरन्नती गरिने।

३. सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार, एवम् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

४. पक्की पुल निर्माण

## ६.२.४ अपेक्षित उपलब्धि

यस गाउँपालिका भित्रका मानिसहरुको अन्य क्षेत्र संग सम्पर्क समन्वय बढने छ जसले गर्दा व्यक्तिहरु व्यवसायिक कार्यमा संलग्न भइ उनीहरुको जीवनस्तरमा सुधार भएर जानेछ। शैक्षिक स्तर, राजनैतिक स्तर, व्यवसायिक स्तर तथा बौद्धिक स्तरमा बृद्धि भएको हुनेछ।

## ६.३ जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

## ६.३.१ पृष्ठभूमि

लालझाडी गाउपालिकामा उर्जाको उपलब्धता तथा प्रयोगलाइ हेर्दा खासै उपलब्धि तथा त्यसमा परिवर्तन भएको देखिदैन। उर्जाको प्रयोगको अवस्था हेर्दा यस लालझाडी गाउपालिकामा सुधारिएको खाना पकाउने चुलो प्रयोग गर्ने जम्मा ५९ घरपरिवार जो जम्मा १.४६ प्रतिशत हुन आउछ। यस गाउपालिकामा कुल घरपरिवार मध्ये ३७५८ घरपरिवारमा बिधुतको उपलब्धता रहेको देखिन्छ। उर्जा गाउँपालिका तथा मुलुक को विकासको मेरूदण्ड भएकोले यस गाउँपालिकाका पछिल्ला बार्षिक योजनाहरूमा ऊर्जा क्षेत्रले उच्च प्राथमिकता पाउँदै आएको छ।

दिगो विकासका लक्ष्य, सबैका लागि दिगो ऊर्जाको अवधारणा, जलवायु परिवर्तनका असर न्यूनीकरण, लैङ्गिक समानता लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन गर्न र हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न नवीकरणीय क्षेत्रको तीव्र विकास हुनु आवश्यक छ। नेपालको संविधानले तथा यस गाउपालिकाको योजनाले नवीकरणीय ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ। यस गाउपालिमा विधुत लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका ग्रामीण बस्तीहरूमा सेवा पुऱ्याउन, बजार क्षेत्रमा बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम् आयातित ऊर्जामाथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनु जरुरी छ।

## ६.३.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| – सबै वडामा विद्युत सेवा पुगेका<br>– बत्ती बाल्ने उर्जाको रुपमा विद्युत, मट्टितेल र सोलारको उपयोग हुने गरेको – खानाको लागि दाउराको उपलब्धता र उपयोगको अधिकता<br>– गोवर ग्यास लगायतको स्वच्छ उर्जाको उपयोगमा वृद्धि | – विद्युत सेवाको विश्वसनियतामा कमि रहेको<br>– स्वच्छ उर्जाको उपयोगमा कमी – परम्परागत श्रोतमा खाना पकाउने उर्जाको निर्भरता | – वैकल्पिक उर्जा प्रवर्धन तथा विस्तारका लागि सचेतना कार्यक्रम सञ्चालन तथा प्रोत्साहन अनुदान प्रदान गर्ने<br>– नविकरणीय उर्जाको उत्पादन र उपयोगमा वृद्धि गर्ने |

## ६.४.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सम्भावित उर्जा क्षेत्रको अध्ययन गरी उर्जाको विकास मार्फत दिगो विकासमा टेवा पुरयाउने।

**उद्देश्य**

१. स्वच्छ र नवीकरणीय ऊर्जाको अध्ययन गरी गाउपालिका स्तरमा उर्जाको उत्पादन बढाउने।

२. विधुत लाइन विस्तार हुन बाकि ठाउहरुमा विधुत लाइन विस्तार गरी स्थानीय लघुउधम विकासमा टेवा पुरयाउने।

३. उर्जा विकासका सम्भावनाहरुको निर्माण प्रक्रियामा जोड दिइ रोजगारीका अवसरहरु सिर्जना गर्ने

**कार्यक्रम तथा आयोजना**

१. निर्माणाधीन अवस्थामा रहेका विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरूलाई समयमा नै सम्पन्न गरिने।

२. सम्भाव्य ठाउँहरुमा वायु तथा सौर्य ऊर्जाबाट विद्युत् उत्पादन गर्न पहल गरीनेछ।

### ६.४.४ अपेक्षित उपलब्धि

यस लालझाडी गाउँपालिकाको उर्जा क्षेत्रको प्रबर्द्धन गरी आवश्यक ठोस योजनाहरु बनी त्यसबाट दिर्घकालिन रुपमा यस क्षेत्रलाइ फाइदा पुग्नेछ। गाउपालिका स्तरमा रोजगारी अवसर सिर्जना भइ यस गाउपालिकाको मानविय विकास सुचकांकमा पनि सुधार भएर जानेछ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोग गरी सर्वसुलभ रूपमा सेवा सुविधामा विविधीकरण गर्दै ग्रामीणलगायत सहरी क्षेत्रसम्म गुणस्तरीय, प्रतिस्पर्धी एवम् सर्वसुलभ रूपमा सेवा सुविधा उपलब्ध गराई देशको राजनीतिक, आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउनुपरेको छ। भूमण्डलीकरणको मूलप्रवाहमा समाहित हुनसमेत यस क्षेत्रलाई पूर्वाधारको रूपमा विकास एवम् विस्तार गर्दै जानु आजको आवश्यकता हो।

यस गाउपालिकामा १ वटा हुलाक रहेको छ। स्थानीय स्तरमा हालका दिनसम्म कुनै पनि पत्र पत्रिकाहरु प्रकासनमा रहेका छैनन्। स्थानीय स्तरमा कुनै पनि एफ.एम तथा रेडियो प्रसारण संचालन रहेका छैनन्।यस गाउपालिकाका कुनै पनि वडाहरुमा आधुनिक सूचना प्रविधिका सेवाहरु जस्तै कम्प्युटर/तालिम केन्द्र, आधुनिक कृषि पशु सेवा केन्द्रहरु संचालनमा रहेका छैनन्। सार्वजनिक निकायमा रहेको सूचनालाई डिजिटाइज्ड गरी अनलाइनबाट सूचना प्रवाह गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् भने सूचना तथा सञ्चारको माध्यमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुनु, इन्टरनेटको बढ्दो प्रयोगले विकास प्रक्रिया सहज हुनु यस क्षेत्रका अवसरहरू हुन्।

### ६.४.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| – मोवाइल फोन सेवाका उपलब्धता – गाउँ कार्यपालिका कार्यालय मा इन्टरनेट सेवा उपलब्ध तथा सञ्चालनमा रहेको – टेलिभिजन, एफएम तथा पत्रपत्रिकाको सहज उपलब्धता र गाउँपालिकाका गतिविधि, जानकारी प्रकाशन र प्रसारण भैरहेको | – आधुनिक संचार सुविधामा पहुँचको कमि (इन्टनेट र टेलिभिजन सहज पहुँच नभएको, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, कृषि तथा पशु सेवा केन्द्रहरूमा इन्टरनेट सेवा उपलब्ध नभएको, गाउँ कार्यपालिका कार्यालयमा इन्टरनेटको क्षमता कमजोर रहेको) – संचार माध्यामको उपयोगमा कमी – पत्रपत्रिकाको प्रकाशन र उपयोगमा कमी – सूचना प्रविधि सम्बन्धी प्रयाप्त ज्ञान र जानकारीमा कमी | – वडा कार्यालय, स्वास्थ्य संस्था, कृषि तथा पशु सेवा केन्द्रहरू र माविहरूमा इन्टरनेट सेवा उपलब्ध जडान गर्ने – व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा लगत अनलाईन प्रणालीबाट सञ्चालन गर्ने – प्रोफाइल, योजना, जिन्सी सम्बन्धी सफ्टवेयर, डिजिटल नोटिस बोर्ड, मोवाइल एप्स तयार गरी सञ्चालन गर्ने – सामुदायिक एमएम रेडियो स्थापना गर्ने – सूचना प्रविधिको प्रयोगबारे पदाधिकारी तथा कर्मचारीका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने – पदाधिकारी तथा सेवाग्राही संवाद कार्यक्रम सञ्चालन गने |

### ६.४.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सुचना तथा सञ्चार प्रविधियुक्त मानवीय संशाधनको विकास मार्फत सुलभ तथा सहज सेवामा विस्तार।

**उद्देश्य**

१ सुचना तथा सञ्चारका प्रविधिहरुको विस्तार वडा तथा टोलहरुमा पुरयाउने।
२ एफ.एम तथा रेडियो स्टेशनहरुको विस्तार गर्ने।
३ स्थानीय स्तरबाटनै पत्रपत्रिकाहरु प्रकाशन तथा विभिन्न जनचेतनामुलक सुचनाहरु प्रकाशन गर्ने।

**कार्यक्रम तथा आयोजना**

१. अप्टिकल फाइबरजस्ता दूरसञ्चार क्षेत्रमा आएका नवीनतम प्रविधिहरूको सञ्जाललाई प्रयोग गरी सूचना तथा सञ्चार क्षेत्रलाई समयानुकूल, प्रभावकारी र गुणस्तरिय बनाउने
२. छापा र अनलाइन मिडिया समेतलाई नियमन गर्ने गरी नीतिगत, कानुनी र संस्थागत संरचना तयार गरिने।
३. सर्वसाधारणको सूचनाको हकको प्रत्याभूति गर्न उचित व्यवस्था मिलाउने।

### ६.४.४ अपेक्षित उपलब्धि

समग्रमा आमसञ्चार माध्यम व्यावसायिक, मर्यादित र जिम्मेवार भएको,जनताको सुसूचित हुने अधिकार संरक्षित भएको र सार्वजनिक तथा निजी सञ्चार माध्यमबाट मुलुकको सांस्कृतिक मूल्य-मान्यता संरक्षण तथा सामाजिक सद्भाव अभिवृद्धि गर्न मद्दत पुगेको हुनेछ।

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकामा विविध किसिमका वनस्पति पाईने वन जंगलहरु घांस, दाउरा र काष्ठका मुख्य स्रोतहरु हुन । यस गाउपालिका क्षेत्र भित्रका विरुवामा विविधता रहनुका साथै वनस्पतीका विभिन्न प्रजातिहरु यहाको वन जंगलमा पाईन्छन । विभिन्न प्रजातीका वनस्पतीहरु मध्ये बिषेश गरेर साल र साँजका विभिन्न प्रजाति देखि लिएर सिसौं, हर्रो, बर्रो, अमला, कुरिलो, विजयसाल, रुईना, जामुन, फल्दा आदी प्रजातिहरु पनि प्रचुर मात्रामा पाईन्छन । यस लालझाडी गाउँपालिकामा सामुदायिक वनहरु पनि प्रशस्त मात्रामा रहेको पाईन्छ जुन दर्ता गरी सामुदायिक रुपमा सञ्चालित २७ वटा सामुदायिक बन रहेका छन भने १ वटा मोहना लालझाडी संरक्षण क्षेत्र रहेको पाईन्छ । यस गाउपालिकामा कुल बन क्षेत्रको ६.४३ प्रतिशत सामुदायिक बन क्षेत्र रहेको छ भने बाकी ९३.५६ प्रतिशत राष्ट्रिय वन रहेको पाईन्छ ।

यहाको वन क्षेत्रवाट यस गाउपालिका भित्रका बासिन्दाहरुको दैनिक जीवन यापनका लागि अती आवश्यक दाउरा, घासपात तथा जडीबुटीहरु उपलब्ध भैरहेको छ । वन नीति,वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, वन सुरक्षा योजना आदिजस्ता नीतिगत व्यवस्था लागू गरी वनजन्य स्रोतको व्यावसायीकरणबाट गरिबी न्यूनीकरणमा टेवा पुर्‍याउन र जलवायु परिवर्तनका असरहरूमा कमी ल्याई मानव एवं पारिस्थितिकीय प्रणालीलाई बदलिंदो परिस्थितिसँग अनुकूलन गर्न सहयोग पुर्‍याउन वन क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्नसक्ने देखिन्छ । यहाका वनक्षेत्रमा जङ्गली जनावरहरु बाघ, हात्ती, चित्तल, र चराचुरुङ्गीहरुमा कोइली, सुंगा र चिल आदिको वासस्थान भएकोले यसको संरक्षणबाट पर्यटन व्यवसाय सञ्चालन गरी आर्थिक लाभ लिन सकिन्छ ।

### ७.१.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - २७ वटा …… हेक्टर सामुदायिक वन रहेको<br>- सिसम, तेदु तथा सालका रुखहरू रहेको<br>- विभिन्न प्रजातिका जटीबुटी उपलब्ध भएको<br>- फर्निचर उद्योगका लागि प्रसस्त काठ उपलब्ध रहेको<br>- वनजन्य उत्पादनहरू (काठा, जडिबुटी, दाउरा, सालका पातहरू, बास उपलब्ध रहेको<br>- विभिन्न प्रजातिका जनावर तथा चराचुरुगीहरू रहेको (बाघ, चितुवा, बादर, बँदेल तथा अन्य लोपोन्मुख चरा आदि)<br>- वन उपभोक्ता समिति रहेको | - जैविक विविधता तथा वन संरक्षणमा कमि<br>- व्यवस्थित पशुपालनको कमि ( खुला चरिचरण<br>- सार्वजनिक जग्गाको संरक्षणमा कमि<br>- लोपउन्मुख पन्छी तथा जनावरको प्राकृतिक वासस्थानको कमि<br>- वन क्षेत्रको विस्तारमा कमी<br>- वन पैदावारको दिगो उपयोगमा कमि<br>- वन उपभोक्ता समिति सक्रियतामा कमि<br>- वन क्षेत्रको लेखा प्रणाली व्यवस्थापनमा कमि<br>- वन पैदावारको उपयोग र व्यवस्थापनमा कमि | - वन जगंल संरक्षण गर्न वन उपभोक्ता समितिलाई कृयाशिल गराउने<br>- नियमित वृक्षारोपण र वनको संरक्षणलाई व्यवस्थित गर्ने<br>- जग्गा यकिन गरी वन अतिक्रमित रोक्ने - बहुउपयोगी जातजातिको बिरुवाको लागि नर्सरी स्थापना गर्ने<br>- जोखिम क्षेत्र पहिचान गरी घेराबार एवं संरक्षण गर्ने<br>- सम्बन्धित विज्ञबाट पहिचान गराई जडिबुटिको व्यवसायिक खेती गर्ने<br>- जैविक विविधतालाई संरक्षण गर्ने उपायको खोजी तथा कार्यान्वयन गर्ने<br>- जडिबुटि उत्पादन र संकलनलाई व्यवस्थित गर्ने<br>- वन पैदावर र जडिबुटीको बजार प्रवर्धन गर्ने<br>- उपभोक्ता समितिका पदाधिकारीहरूको लागि क्षमता विकास, लेखा व्यवस्थापन तालिम सञ्चालन गर्ने<br>- उपभोक्ताहरूलाई सीपमुलक तथा जीविकोपार्जन सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने |

### ७.१.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

यहाको वनस्पतीहरुबाट प्राप्त हुने विभिन्न काठ, दाउरा, जडिबुटिहरु निर्यातका लागि निश्चित निति नियमहरु तयार पारी त्यसबाट दिर्घकालिन फाइदा पुग्ने खालका योजनाहरु बनाउनु पर्ने ।

**उद्देश्य**

१. दिगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने ।

२. वनजनित क्रियाकलापहरूको प्रवर्द्धनबाट आय आर्जन तथा रोजगारीका अवसरहरू सृजना गर्ने ।
३. जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि र न्यायोचित वितरण गर्ने
४. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न वन क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने ।

**कार्यक्रम तथा आयोजना**

१. वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने
२. वन क्षेत्रको व्यवस्थापन समिती तथा नीति नियमहरूको समयसापेक्ष सुधार गरिनेछ ।
३. वन अतिक्रमण, अवैध कटानी, चोरी शिकार तथा वन डढेलो व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण तथा पूर्व तयारी गर्ने ।
४. वन क्षेत्र लगायत खाली सार्वजनिक, सामुदायिक एवं निजी क्षेत्रहरूमा सबै सरोकारवालाहरूको सहभागितामा बृहत् वृक्षारोपण गरिने ।
५. वनमा रहेको बहुमुल्य बनस्पती ढलापडालाई उचित निकाशीको व्यावस्था गर्ने
६. बहु मूल्य वनस्पति र जडीबुटीहरूको पहिचान, दिगो सङ्कलन, प्रविधि विकास, व्यावसायीकरण र बजारीकरण गर्न समुदाय तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिने ।
७. जडीबुटी खेती, अन्य वन उद्यम विकासका विशेष कार्यक्रमको माध्यमबाट ग्रामीण क्षेत्रमा स्थानीय युवा र महिला लक्षित थप रोजगारी सृजना गरिने ।
८. भौतिक पूर्वाधार निर्माण गर्दा वन, वातावरण तथा जैविक विविधताको संरक्षण र वातावरणीय प्रभावको प्रभावकारी अनुगमन गर्ने ।
९. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने ।
१०. पर्यटनका आधार क्षेत्रहरु पहिचान र व्यवस्थापन तथा प्रचार प्रसार गर्ने ।
११. दुर्लभ तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तुको संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने ।

### ७.१.४ अपेक्षित उपलब्धि

विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, विविधता र उत्पादकत्वमा गुणात्मक वृद्धि भएको, समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरू अझ सुदृढ र सबल भएका र वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूको विविधीकरणसहित उक्त वस्तु तथा सेवाहरू विपन्न तथा वञ्चित समूहहरूसम्म पुगेको हुनेछ । साथै जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनमा वन क्षेत्रको केन्द्रीय भूमिका स्थापित भएको, सोसम्बन्धी लाभ स्थानीय समुदायसम्म पुगेको, वन तथा वन्यजन्तुसम्बन्धी अपराध र चोरी निकासी एवम् अन्य गैरकानुनी क्रियाकलापमा उल्लेख्य कमी आएको, वन पैदावार तथा पारिस्थितिकीय सेवामा आधारित व्यवसाय, रोजगारी तथा आयआर्जनमा वृद्धि भएको र वन क्षेत्रको संस्थागत सुधार एवम् क्षमता विकास भएको हुनेछ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

राष्ट्रको सामाजिक आर्थिक रूपान्तरण एवम् सर्वाङ्गीण विकासका लागि गरिने सबै किसिमका भौतिक पूर्वाधार विकासका कार्यहरूमा प्रत्यक्ष रूपमा भूमि वा भूमिस्रोतको परिचालन हुने भएकोले यस्ता स्रोतको सदुपयोग गरी दिगो रूपमा व्यवस्थापन गर्न आवश्यक छ । परिवर्तित सन्दर्भमा भुमि अधिकार एन २०७४ स्थानीय तहको भुमिमा लागत, व्यवस्थापन, संरक्षण र दिगो उपयोग को माध्यमबाट उत्पादनत्व बढाइ आत्मनिर्भर बनाउने तथा समग्र भूमिको सदुपयोग गरी दिगो व्यवस्थापन तथा सुशासन कायम गर्न जरुरी रहेकोछो छ । भूमिमा सर्वसाधारण जनताको सान्निध्यताको संवेदनशीलतालाई मध्यनजर गरी भूमिमा सबैको न्यायिक पहुँच स्थापित गर्न, सामाजिक आर्थिक कारणले पछाडि परेका वर्गको भूमिमा पहुँच बढाउन र भू-स्वामित्वको सुरक्षाको प्रत्याभूति गर्न वैज्ञानिक तवर बाट भूमिसुधार गर्नुका साथै वैज्ञानिक भूमि नीति तर्जुमा गरी लागु गर्न आवश्यक रहेकोछो छ ।

भूमि प्रशासन, जग्गाको नक्शांकन, अभिलेख प्रणाली, भूमिहीनका लागि भूमि व्यवस्था, सुकुम्बासी र हलियाहरूको लागि विशेष कार्यक्रम र गाउंपालिकाको समग्र भूमिको व्यवस्थित तथ्यांक राख्न घरधुरी सर्वेक्षेण मार्फत जग्गाको तथ्यांक अध्यावधिक गर्ने कार्य सुरु भएको छ जसबाट आएको तथ्यांक अनुसार यस गाउँपालिकाको कुल खेतीयोग्य जमिनको ७.५९ प्रतिशत जमिन बाँझो रहेको छ । अधिकांश जमिन बनजंगल, खोला तथा नयाँ बस्ती विकास भएको र पर्याप्त तथा व्यवस्थित सिंचाई सुविधा नभएको कारणले बाँझो रहेका छन् । यस्तो बाँझो जग्गा गाउँपालिकाको उत्पादनको आधार बन्न सक्ने देखिन्छ । बाँझो रहेको जग्गालाई चक्लाबन्दी रुपमा सामुहिक खेती गर्न सकेमा गाउँपालिकाको आम्दानी वृद्धि हुने देखिन्छ साथै यस गाउँपालिकाको अत्यधिक भू उपयोग कृषि, वन तथा चरन क्षेत्रका लागि भएको देखिन्छ । यस गांउपालिका भित्र बसोबास गर्नेहरु मध्ये ७७ प्रतिशत परिवारहरुको आफ्नो स्वामित्वमा जग्गा रहेको र बाँकी मध्ये ०.१ प्रतिशत सुकुम्वासी तथा २२.९ प्रतिशत विस्थापित परिवार वसोवास गरि रहेको तथ्यांकले देखाएको छ ।

वैज्ञानिक भूमिसुधार कार्यान्वयन गरी कृषकको भूमिमाथिको पहुँच अभिवृद्धि गर्नु, सुकुम्वासी समस्या समाधान गर्नु, भू-उपयोग नीति कार्यान्वयन गरी भूमिको उपयुक्त ढङ्गले उपयोग गर्नु, भूमि प्रशासनलाई मानव संशाधन समयानुकूल र प्रविधियुक्त बनाई स्तरीय सेवा प्रवाह र कार्यसम्पादन गर्नु, भूमिसम्बन्धी अभिलेखहरूलाई व्यवस्थित गर्नु, हलियाको शीघ्र पुनर्स्थापना गर्नु, मूल्याङ्कन प्रणालीमा सुधार गरी घर जग्गाको वास्तविक मूल्य कायम गर्नु र लिखत दर्ता प्रणालीलाई वैज्ञानिक र विश्वसनीय बनाउनु जस्ता भूमिसुधार र व्यवस्था क्षेत्रका

मुख्य चुनौती रहेका छन् भने भू-उपयोग नीति तर्जुमा हुनु, भूमि व्यवस्थापनलाई वैज्ञानिक र प्रभावकारी बनाउनका लागि दोस्रो पुस्ता सुधार कार्यक्रम कार्यान्वयनमा ल्याउनु, व्यवस्थित बसोवास गराउने प्रयास हुनु यस क्षेत्रका अवसर हुन् ।

### ७.२.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| – दोदा, मोहना नदि नाला लगायतका तथा अन्य साना खोलाहरू – वन क्षेत्रको उपलब्धता तथा संरक्षणका लागि सामुदायिक, कबुलियती तथा राष्ट्रिय वन व्यवस्थापन कार्यान्वयनमा रहेको<br>– ताल वा पोखरी रहेको | – जमिन र जलाधार क्षेत्रको उचित संरक्षणको कमि<br>– जलउत्पन्न प्रकोप तथा भूक्षयमा नियन्त्रणमा कमि<br>– सार्वजनिक भूमिको लगतको कमि – भूमि तथा जलाधार संरक्षण संम्बन्धी नीतिगत व्यवस्थाकोकमि<br>– जैविक विविधताको संरक्षण (चराचुरुंगी र जीवहरूको उचित संरक्षण नभएका, तस्करी र शिकारी भएको)<br>– नदि कटान र डुवानको समस्या रहेका | – नदी, जलाधार क्षेत्र तथा भूमिको विस्तृत वस्तुस्थिति विवरण तयारी गर्ने<br>– नदी कटान तथा सम्वेदनशील क्षेत्रको पहिचान गर्ने<br>– माछाका भुरा उत्पादन सहित माछापालन व्यवसाय प्रवर्द्धन गर्ने<br>– तार जाली, तटबन्ध, वृक्षारोपण गर्ने<br>– पार्क क्षेत्र तथा पर्यटकीय क्षेत्रको निर्माण गर्ने ।<br>– नदी नियन्त्रण तथा मर्मत सम्भार (बायो इञ्जिनियरिङ्ग कार्य) सञ्चालन गन |

### ७.२.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

समग्र भूमिको सदुपयोग, दिगो व्यवस्थापन तथा सुशासन कायम गरी भू-उपयोग प्रणालीलाई गाउंपालिकाको दीर्घकालीन हित अनुरूप समृद्धिको आधारका रूपमा विकास गर्ने ।

**उद्देश्य**

१. भूमि अधिकार बन्चितको भुमि अधिकार प्राप्तिका लागि आवश्यक पहल गर्ने ।
२. भुमि तथा कृषि सुधारका व्यवहारिक पक्षलाइ टोलबाट शुरु गर्ने ।
३. भूमि व्यवस्थापन सेवालाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनु ।

**कार्यक्रम तथा आयोजना**

१. अनधिकृत, अनियन्त्रित तथा अव्यस्थित बस्ती विकासमा रोक लगाइनेछ र असुरक्षित बस्तीलाई सुरक्षित बसोवास हुने गरी बस्ती विकासलाई व्यवस्थित गरिने ।
२. भूमि नीति र भू-उपयोग ऐन तर्जुमा गरी कार्यान्वयन गरिने ।
३. प्रकोप जोखिम संवेदनशील भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार गरिने ।
४.मालपोत र नापी कार्यालयहरूको सञ्जालीकरण गरी एकीकृत केन्द्रीय भू-सूचना प्रणालीको विकास गरिने ।
५.जमिनको हदबन्दी पुनरावलोकन, मोही व्यवस्थापन,जमिनको स्वामित्वको व्यवस्थापन र जमिनमा विपन्न भूमिहीनहरूको पहुँच पुऱ्याइने ।

### ७.२.४ अपेक्षित उपलब्धि

गाउंपालिकामा स्रेस्ता, लिखत बाइन्डिङ सम्पन्न भएको तथा भू-उपयोग नक्सा र तथ्याङ्क तयार भएको हुने, उपयोगको आधारमा भूमिको वर्गीकरण भएको र प्रत्यक वडामा रहेको जग्गाको कित्ता नापी कार्य सम्पन्न भएको हुनेछ । दूरसंवेदन विधिबाट ओटा सिटमा स्थलरुप नक्सा र डाटावेस अद्यावधिक भएको, नेटवर्क सुदृढीकरण एवम् नष्ट भएका नियन्त्रण बिन्दुहरूको पुनर्स्थापना र मर्मतसम्भार भएको र सुकुम्बासी र हलियाहरूको पुनर्स्थापना सम्पन्न भएको हुनेछ । भूकम्प जस्तो विपत्ति आउनुभन्दा २० सेकेन्ड पहिले नै सूचित गर्ने व्यवस्था भई जनधनको सुरक्षामा योगदान पुगेको हुनेछ ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्रको अधिकांश क्षेत्र खुल्ला क्षेत्रको रूपमा वा हरियाली क्षेत्रको रहेको, ग्रामीण बजार केन्द्र रहेको र अन्य साना साना वस्तीहरूमात्र रहेको कारण ध्वनी, वायु तथा जल प्रदुषण नगन्य रहनु वातावरणका हिसावले उत्तम देखिन्छ । पालिकाको वातावरणलाई स्वस्थ्य र स्वच्छ राख्न प्रयास मात्रामा हरित क्षेत्रहरू रहेका छन् भने गाउँपालिकामा विभिन्न पर्यटकीय खुल्ला स्थल लगायतका सार्वजनिक स्थल, पाटी पौवा तथा चौताराहरूले पनि गाउँपालिकाको वातावरण लाई स्वच्छ तथा हराभरा राखेको छ ।

गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । गाउँपालिकाका खाना पकाउनका लागि सुधरिएको चुलो प्रयोग

गर्ने घरधुरी रहेको छ । पालिका क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, एलपिजी ग्यास खरिदमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ । गाउँपालिकालाई खुला दिसापिसाबमुक्त गाउँपालिका घोषणा गरिसकिएको भएपनि सरसफाइको अवस्था हेर्दा यस गाउँपालिकामा एक घर एक चर्पीको कार्यान्वयन पूर्ण रूपमा भएको अवस्था देखिन्छ । गाउँपालिका क्षेत्रमा निस्कने फोहरमैला व्यवस्थापनका लागि सार्वजनिक स्थलहरूमा इन्सिनेरेटरको व्यवस्था गरिएको छ

### ७.३.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| – वन, जैविक विविधतायुक्त प्राकृतिक स्वच्छ वातावरण रहेको<br>– वातावरण सम्बन्धी ज्ञानको विस्तार भएको<br>– वनक्षेत्र व्यापक रहेको<br>– मोहना, दोदा नदी, नाला लगायता खोला तथा भूमिगत जल उपलब्धता रहेको | – फोहर व्यवस्थापनको कमि<br>– प्लास्टिक र शिसा जन्यफोहरको नियन्त्रण र व्यवस्थापनमा कमि<br>– बजार क्षेत्रमा फोहर मैला व्यवस्थापनको कमि<br>– पूर्वाधार निर्माणमा वातावरणीय सवालको उठानमा कमि<br>– वन विनासको रोकथाम र दिगो उपयोगमा कमि<br>– जनचेतनाको कमि<br>– खुलादिशा मुक्त हुन नसकेको | – बजार केन्द्रहरूमा सार्वजनिक शौचालयहरूको व्यवस्था गर्ने<br>– विद्यालय तथा सरकारी कार्यालय हातामा नियमित सरसफाइको व्यवस्था गर्ने<br>– जनचेतना कार्यक्रम, फोहोर वर्गीकरण तथा व्यवस्थापनसम्बन्धी कार्ययोजना तर्जुमा गरी लागू गर्ने<br>– प्रत्येक घरधुरीमा कम्तीमा २ बिरुवा रोप्ने अभियान सञ्चालन गर्ने। बगैंचा र करेसाबारी प्रवर्द्धन गर्ने<br>– सुधारिएको चुल्होलगायत वैकल्पिक ऊर्जाका प्रविधिहरू प्रवर्द्धन गर्ने, सौर्यबत्ती विस्तार गर्ने<br>– प्लाष्टिक झोला तथा सिसामुक्त गाउँपालिका निर्माण गर्ने |

### ७.३.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देश्य**

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।
२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

हरेक वर्ष यस गाउपालिकामा बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरीका कारण धनजनको क्षति हुने गरेको छ त्यसैले यो गाउपालिका विपद्को उच्च जोखिममा रहेको छ । स्थानीय विपद् जोखिम व्यवस्थापन योजना अन्तर्गत तलिमर आवश्यक औजार उपकरणको साथै तालिमको व्यवस्था गरी तयारी अवस्थमा रहेको छ । जलवायु परिवर्तनका असरहरू एकआपसमा सम्बन्धित हुने भएकोले यसको प्रभावको सामना गर्न वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै समष्टिगत विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण सवाललाई मध्यनजर गरी यस वर्षको विकासको योजना निर्माणका क्रमामा स्थानीय वातावरणीय संवेदनशीलताका मुद्दाहरूको आन्तरिकीकरण र सम्बोधनजस्ता प्रयासहरू भइरहेका छन् ।

### ७.४.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| - एम्बुलेन्स एवं स्वास्थ्य संस्था रहेको - प्रहरी चौकी रहेको<br>- पर्याप्त खुला क्षेत्र भएको<br>- विपद् पूर्वतयारीका लागि जानकार व्यक्ति | - विपद् व्यवस्थापनसम्बन्धी ज्ञान, सीपको कमी<br>- भूकम्प प्रतिरोधी घर निर्माणको अभ्यासमा कमि<br>- स्वास्थ्य संस्थाको संख्या तथा तिनमा उपकरण तथा पूर्वाधारको कमी | - विपद् पूर्वतयारी, न्यूनीकरण, आकस्मिक उद्दार, राहतलगायत विपद् व्यवस्थापनका सबै आयाम समेट्ने गरी विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने। विपद जोखिमबाट बच्ने उपायको अभ्यास लगायत झटपट झोला प्रयोगको तालिम गर्ने<br>- भवन आचार संहिता कार्यान्वयनमा ल्याउने, भवनलाई भूकम्प प्रतिरोधी बनाउने<br>- सबै विद्यालय भवन सबलीकरण गरी भूकम्प प्रतिरोधी बनाउने |

| | | |
|---|---|---|
| रहेको<br>- विपद् पूर्वतयारीमा काम गर्न इच्छुक संस्थाहरू रहेको<br>- सवै भुभागमा भूक्षयको प्रभाव कम रहेको<br>- विपद् व्यवस्थापनको चेतना विस्तार भएको<br>- गाउँपालिकामा विपद् व्यवस्थापन कोषको व्यवस्था भएक | - विपद् व्यवस्थापनलाई मुल प्रवाहिकारमा कमि<br>- उद्दारकार्यमा खटने जनसक्तिको कमि<br>- सबै वडामा एम्बुलेन्सको उपलब्धता र पहुँचको कमी<br>- आकस्मिक आश्रयस्थलको कमि<br>- जलउत्पन्न प्रकोपबाट हुने क्षतिको न्युनिकरणमा कमि<br>- भूमिको अव्यवस्थित र वैज्ञानिक उपयोगका कमि<br>- जंगली जनावरको आतंक नियन्त्रणमा कमि<br>- आपतकालीन पूर्वतयारीको कमी | - सुरक्षा निकायहरूमा तालिमप्राप्त टोली खटाउन सम्बन्धित निकायमा समन्वय गर्ने<br>- स्वास्थ्य संस्थाको स्तरोन्नतीसहित प्रत्येक स्वास्थ्य चौकीमा १ थान ऐम्बुलेन्स व्यवस्था गर्ने<br>- हरेक बस्ती पिच्छे खुला क्षेत्र तथा सुरक्षित आवास गृहको निर्माण गर्ने<br>- नदी तटीय क्षेत्रमा साइरन अदि बाढी पूर्वसूचना प्रणाली कार्यान्वयनमा ल्याउने<br>- नदी किनारामा तारजाली तथा बायोइन्जिनियरिङ विधिबाट तटबन्धन गर्ने<br>- भूउपयोग नीति र योजना कार्यान्वयन गर्ने । जोखिमयुक्त क्षेत्र संरक्षण गर्न विस्तृत अध्ययन प्रतिवेदनका आधारमा कार्ययोजना ल्याई कार्यान्वयन गर्ने<br>- सडक निर्माण गर्दा भूगोल र वातावरणीय सर्भेक्षण गरी मापदण्ड पूरा गरेर मात्र निर्माण गर्ने<br>- जंगली जनावरको आतंक नियन्त्रणका लागि वन कार्यालयसँग समन्वय गर्ने<br>- आगलागी नियन्त्रणका लागि कृत्रिम अभ्यासहरू सञ्चालन गर्ने |

## ७.४.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

१. विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

२.वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

**उद्देश्य**

१. विकासका योजनामा विपद व्यवस्थापनलाई समाहित गराई विपद्बाट हुने मानवीय एवम् भौतिकलगायतका क्षतिलाई न्यूनीकरण गर्नु ।

२. दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु

३. वातावरणमा दुरगामी असर पार्ने प्लाष्टिक जन्य वस्तुको प्रयोगमा कमि ल्याउने ।

**कार्यक्रम तथा आयोजना**

१. विपद् व्यवस्थापनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्था तथा दातृ निकायसँग समन्वय र सहकार्यका गरिने ।

२. विपद् व्यवस्थापनमा संलग्न प्रशासनिक निकाय र कर्मचारीहरूको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरीने

३. विपद्को पूर्वतयारी तथा विपद् प्रतिकार्यलाई थप प्रभावकारी समन्वित बनाइने ।

४.विपद् व्यवस्थापनका चरणहरुलाई योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

५. वातावरण संरक्षणसँग सम्बन्धित कानुनहरूको तर्जुमा र विद्यमान कानुनहरू, वातावरणीय नीति नियम अद्यावधिक र संस्थागत क्षमता विकास गरिने ।

६. जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गरिने ।

७. कृषि, जलस्रोत तथा ऊर्जाजस्ता जलवायु परिवर्तनबाट प्रत्यक्ष प्रभावित क्षेत्रमा उपयुक्त प्रविधिको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रसार गरिने ।

## ७.४.४ अपेक्षित उपलब्धि

सम्पुर्ण सरोकारवाला निकायहरुसँग समन्वय गरेर विपद व्यवस्थापन पूर्व तयारीका कार्यकमलाई प्रभावकारी तवरले अगाडी वढाएर विपदको व्यवस्थापन समयमै गरिनेछ । जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समयानुकूलन कायम भएको, प्लाष्टिक जन्य वस्तु विषादि युक्त वस्तुको प्रयोगमा कमि आएको हुनेछ ।

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

'जनता द्वारा जनतालाई जनताले' शासन गर्ने बिधिलाई लोकतन्त्र भनिन्छ । सुशासन आफैंमा कुनै जादुको छडी होइन, जुन तुरुन्तै लागू गरी त्यसको प्रतिफल प्राप्त गर्न सकिन्छ। यो त निरन्तरको संघर्ष र प्रयासबाट सम्भव भई प्राप्त हुने कुरा हो । स्थानीय सरकारले संविधानतः प्राप्त अधिकार बमोजिम कार्यसम्पादन गर्दा सुशासनका मन्यता आत्मसात गर्नुपर्छ । आफ्नो निर्णयमा खुलापन र पारदर्शिता, सार्वजनिक उत्तरदायित्व निर्वाह, कार्यसम्पादनमा प्रभावकारिता, कानुनको शासनको प्रभावकारी अभ्यास, भ्रष्टाचार नियन्त्रणको पर्याप्त र प्रभावकारी उपायका अवलम्बन, सरोकारवालाको सहभागिता, निर्णयमा पहुँच तथा शासन र लाभमा सबैको समावेशी सहभागिता जस्ता मानकले नै स्थानीय सरकारको सुशासनको अवस्थालाई प्रतिविम्बित गर्छ ।

स्थानिय निकायबाट सम्पादन हुने कार्यमा पारदर्शिताको अभाव, जनसहभागिता र जवाफदेहिताको कमजोर अवस्था, उत्तरदायी नेतृत्वको अभाव, कानुनको पूर्ण पालना अभावजस्ता कमजोरीका कारण स्थानीय निकायमा सुशासन कमजोर देखिनु र नातावाद , कृपावाद , भनसुनवाद , क्षेत्रवाद, छाडातन्त्र, मनपरीतन्त्रले गाँजेको राजनीतिलाई ठिक समयमा सम्बोधन गर्न नयाँ मापदण्ड निर्माण गर्नु शुसासन र लोकतन्त्रको प्रमुख चुनौती हो ।

### ८.१.२ सम्भावना समस्या चुनौती तथा उपयोग रणनीति

| सम्भावना अवसर | समस्या चुनौती | उपयोग रणनीति |
|---|---|---|
| – स्थानीय ऐन नियम तथा कार्यविधिहरू रहेको ।<br>– आयोजना अनुसार सार्वजनिक लेखा परीक्षण अभ्यास रहेको<br>– गा.पा.मा इमेल इन्टरनेटको प्रयोग गरिँदै आएको<br>– न्यायिक समिति गठन भएको<br>– वेभ साइटमा गा.पा.का गतिविधि, कार्यक्रम, बजेट तथा अन्य जानकारी नियमित अध्यावधिक गर्ने गरेको<br>– गा.पा. केन्द्र, वडा तथा विषयगत शाखाहरूको सेवामा सेवाग्राही केही हदसम्म सन्तुष्ट रहेका | – कानूनी तथा नीतिगत संरचनाको कमी ( स्थानीय तहको जिम्मेवारी वहनका लागि आवश्यक केही ऐन, नियम तथा कार्यविधिहरू बनाउन बाँकी रहेको)<br>– प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत पूर्वाधार, जनसक्ति र अभ्यासको कमी ( सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी नतोकिएको, सार्वजनिक सुनुवाइ प्रावधान अनुसार प्रभावकारी तथा व्यवस्थित अभ्यासको कमी रहेको, उपभोक्ता समितिहरूमा सार्वजनिक लेखा परीक्षण प्रकृयाबारे ज्ञान, सीपको कमी र प्रभावकारी तथा व्यवस्थित अभ्यासको कमी रहेको, नागरिक वडापत्र नबनेको, सामाजिक जवाफदेहिता, पारदर्शितासम्बन्धी कार्यविधि तथा प्रभावकारी अभ्यासको कमी भएको, विगत आ.व.का (साविकका गाविस) केही पेस्की फर्छ्यौट तथा बेरुजु असुल प्रभावकारी रुपले हुन नसकेको) | – सामाजिक जवाफदेहिता तथा पारदर्शिता सम्बन्धी कार्यविधि निर्माण तथा कार्यान्वयन<br>– सार्वजनिक सुनुवाइ व्यवस्थित गर्ने – उपभोक्ता समितिमा सार्वजनिक लेखा परीक्षणसम्बन्धी क्षमता विकास तालिम कार्यक्रम गर्ने<br>– सबै कार्यालयहरूमा नागरिक वडापत्र तयार गरी राख्ने<br>– कार्यविधि बनाई सेवाग्राहीको सन्तुष्टि मापन गर्ने<br>– सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोक्ने<br>– पेस्की फर्छ्यौट तथा बेरुजु असुल गर्न प्रभावकारी कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने<br>– गुनासो पेटिकासहित नियमित गुनासो सुनवाइको व्यवस्था गन |

### ८.१.३ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

प्रजातन्त्र, स्वतन्त्रता, समानता र न्यायको स्थापना भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी गाउँपालिकामा नियन्त्रण र सन्तुलन प्रणाली मजबुत बनाउने ।

**उद्देश्य**

१. भ्रष्टाचारजन्य कसुरलाई कडा कारबाहीको प्रक्रियामा लाने ।
२. आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा दिगोपनामा स्थानीय सहभागिता सुनिश्चित गर्ने ।
३. लेखा समितिलाई प्रभावकारी बनाई आय र व्ययको जानकारी सार्वजनिक गरी सबै सरोकारवालासम्म पुर्‍याउने ।
४. उत्तरदायित्वले अख्तियारीको दुरुपयोगलाई नियन्त्रण गरी गुणस्तरीय सेवाको उपलब्धता सुनिश्चित गर्ने ।

**कार्यक्रम तथा आयोजना**

१. सार्वजनिक गतिविधिबारे नागरिकलाई सुसूचित गराउने ।
२. सार्वजनिक नीति, निर्णय, योजना र कार्यमा सरोकारवालालाई सहभागी गराउँदै आफ्ना कार्यलाई निरन्तर रूपमा नागरिकद्वारा अनुमोदित गराउने ।
३. खुला तथा पारदर्शी एवं सहभागितामूलक कार्यशैलीद्वारा उत्तरदायित्व अभिवृद्धि गर्ने ।
४. पुरातन शैलीको कर्मचारीतन्त्रलाई सुशासनको मुख्य केन्द्रको रूपमा विकसित गरी कर्मचारीतन्त्रका मूल्य, मान्यता र कार्यशैलीमा परिवर्तन ल्याउने ।

५. पालिकाबाट पाउनुपर्ने सबै सुविधा जनताले पाउने अवस्थाको सुलिश्चता गर्ने ।
६. आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा दिगोपनामा स्थानीय सहभागिता सुनिश्चित गर्ने ।
७. स्थानीय तहमा नियन्त्रण र सन्तुलन प्रणाली मजबुत बनाई भ्रष्टाचारजन्य कसुरलाई कडा कारबाहीको प्रक्रियामा लाने ।
८. योजना र विकास माथि निर्णय गर्ने जिम्मेवारी नागरिकको घरदैलोमा पुर्याइने

### ८.१.४ अपेक्षित उपलब्धि

सुशासनका सिद्धान्तहरूको प्रतिबिम्ब कानुन समक्ष सबै नागरिकहरू बराबर हुने र राज्यको शक्तिमा सबैजनाको समान पहुंच हुने व्यवस्थामा हुन्छ भने, सबै नागरिकले वैधानिक स्वतन्त्रतालाई उपभोग गर्न पाउँदछन् र नागरिकद्वारा यो स्वतन्त्रताको उपभोग गर्न पाउने व्यवस्था संविधानमा तोकिएको हुन्छ ।

## परिच्छेद ९: कार्यान्वयन व्यवस्था

### ९.१ पृष्ठभूमि

लालझाँडी गाउँपालिकाको योजनाबद्ध विकासका लागि पालिकाको वस्तुगत विवरण, तथ्यको विश्लेषण, सरोकारवाला तथा समुदाय संगको अन्तरक्रियाबाट प्रथम पञ्च वर्षीय योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा गाउँपालिकाले नेपाल सरकारको पन्ध्रौं योजना तथा सुदुर पश्चिम प्रदेशको योजनाहरूलाई समेत आधारको रूपमा लिएको छ । गाउँपालिकाले आवधिक विकास योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागितामूलक ढङ्गबाट नतिजा खाका तयार गरेकोछ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन गर्न तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएकोछ ।

आवधिक गाउँ विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक स्रोत परिचालनका लागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठुलो भूमिका हुन्छ ।

### ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस नगरपालिकाको सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित गाउँ कार्यपालिका मार्फत गाउँपालिकाको कार्य संचालन हुँदै आएको छ । गाउँपालिकाको विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन् । आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न मौजुदा संगठन संरचनामा परिमार्जनका लागि अविलम्ब संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्नुपर्ने देखिन्छ ।

### ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनामा विभिन्न पाँचवटा विषयतगत क्षेत्रहरू तथा पालिका गौरबका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागत अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान पालिकाका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडास्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत गाउँपालिकाको आन्तरिक आय, संघ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान, गैसस

तथा दातृ निकायहरूबाट हुन सक्ने सहयोग, निजी क्षेत्रबाट हुन सक्ने लगानी र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

| क्र.सं. | वषय क्षेत्र/उपक्षेत्र | आर्थिक बर्ष | बजेट सीमा (रू.) कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | बजेटको श्रोत (रू.) आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १ आर्थिक विकास क्षेत्र | | | | | | | | | | |
| क | कृषि | २०७८/०७९ | ४५००००० | | ४५००००० | | ४१०००० | ३९१०००० | १८०००० | |
| | | २०७९/०८० | ४९५०००० | | ४९५०००० | | ४५१००० | ४३०१००० | १९८००० | |
| | | २०८०/०८१ | ५४४५००० | | ५४४५००० | | ४९६१०० | ४७३११०० | २१७८०० | |
| | | २०८१/०८२ | ५९८९५०० | | ५९८९५०० | | ५४५७१० | ५२०४२१० | २३९५८० | |
| | | २०८२/०८३ | ६५८८४५० | | ६५८८४५० | | ६००२८१ | ५७२४६३१ | २६३५३८ | |
| ख | पशु सेवा | २०७८/०७९ | १७००००० | | १७००००० | | १००००० | ११००००० | ५००००० | |
| | | २०७९/०८० | १८७०००० | | १८७०००० | | ११०००० | १२१०००० | ५५०००० | |
| | | २०८०/०८१ | २०५७००० | | २०५७००० | | १२१००० | १३३१००० | ६०५००० | |
| | | २०८१/०८२ | २२६२७०० | | २२६२७०० | | १३३१०० | १४६४१०० | ६६५५०० | |
| | | २०८२/०८३ | २४८८९७० | | २४८८९७० | | १४६४१० | १६१०५१० | ७३२०५० | |
| ग | उद्योग, ब्यापार | २०७८/०७९ | ७९०००० | | ७९०००० | | | ७९०००० | | |
| | | २०७९/०८० | ८६९००० | | ८६९००० | | | ८६९००० | | |
| | | २०८०/०८१ | ९५५९०० | | ९५५९०० | | | ९५५९०० | | |
| | | २०८१/०८२ | १०५१४९० | | १०५१४९० | | | १०५१४९० | | |
| | | २०८२/०८३ | ११५६६३९ | | ११५६६३९ | | | ११५६६३९ | | |
| घ | पर्यटन | २०७८/०७९ | | | | | | | | |
| | | २०७९/०८० | | | | | | | | |
| | | २०८०/०८१ | | | | | | | | |
| | | २०८१/०८२ | | | | | | | | |
| | | २०८२/०८३ | | | | | | | | |
| ङ | सहकारी तथा गरिबी निवारण | २०७८/०७९ | १५५०००० | | १५५०००० | | ३०००० | १२५५००० | २६५००० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/०८० | १७०५००० | | १७०५००० | | ३३००० | १३८०५०० | २९१५०० | |
| | | २०८०/०८१ | १८७५५०० | | १८७५५०० | | ३६३०० | १५१८५५० | ३२०६५० | |
| | | २०८१/०८२ | २०६३०५० | | २०६३०५० | | ३९९३० | १६७०४०५ | ३५२७१५ | |
| | | २०८२/०८३ | २२६९३५५ | | २२६९३५५ | | ४३९२३ | १८३७४४५.५ | ३८७९८६.५ | |
| २ सामाजिक वकास | | | | | | | | | | |
| क | स्वास्थ्य तथा पोषण | २०७८/०७९ | ७१४०००० | | ७१४०००० | | ५००००० | ५००५००० | १६३५००० | |
| | | २०७९/०८० | ७८५४००० | | ७८५४००० | | ५५०००० | ५५०५५०० | १७९८५०० | |
| | | २०८०/०८१ | ८६३९४०० | | ८६३९४०० | | ६०५००० | ६०५६०५० | १९७८३५० | |
| | | २०८१/०८२ | ९५०३३४० | | ९५०३३४० | | ६६५५०० | ६६६१६५५ | २१७६१८५ | |
| | | २०८२/०८३ | १०४५३६७४ | | १०४५३६७४ | | ७३२०५० | ७३२७८२०.५ | २३९३८०३.५ | |
| ख | शिक्षा तथा सीप वकास | २०७८/०७९ | ६०००००० | | ६०००००० | | | ५१५०००० | ८५०००० | |
| | | २०७९/०८० | ६६००००० | | ६६००००० | | | ५६६५००० | ९३५००० | |
| | | २०८०/०८१ | ७२६०००० | | ७२६०००० | | | ६२३१५०० | १०२८५०० | |
| | | २०८१/०८२ | ७९८६००० | | ७९८६००० | | | ६८५४६५० | ११३१३५० | |
| | | २०८२/०८३ | ८७८४६०० | | ८७८४६०० | | | ७५४०११५ | १२४४४८५ | |
| ग | खानेपानी तथा सरसफाइ | २०७८/०७९ | ११००००० | | ११००००० | | १००००० | ६००००० | ४००००० | |
| | | २०७९/०८० | १२१०००० | | १२१०००० | | ११०००० | ६६०००० | ४४०००० | |
| | | २०८०/०८१ | १३३१००० | | १३३१००० | | १२१००० | ७२६००० | ४८४००० | |
| | | २०८१/०८२ | १४६४१०० | | १३३१००० | | १३३१०० | ७९८६०० | ५३२४०० | |
| | | २०८२/०८३ | १६१०५१० | | १४६४१०० | | १४६४१० | ८७८४६० | ५८५६४० | |
| घ | महिला बालबा लका र ल क्षत वर्ग | २०७८/०७९ | १४५०००० | | १४५०००० | | १००००० | ९७०००० | ३८०००० | |
| | | २०७९/०८० | १५९५००० | | १५९५००० | | ११०००० | १०६७००० | ४१८००० | |
| | | २०८०/०८१ | १७५४५०० | | १७५४५०० | | १२१००० | ११७३७०० | ४५९८०० | |
| | | २०८१/०८२ | १९२९९५० | | १९२९९५० | | १३३१०० | १२९१०७० | ५०५७८० | |
| | | २०८२/०८३ | २१२२९४५ | | २१२२९४५ | | १४६४१० | १४२०१७७ | ५५६३५८ | |
| ३ पूर्वाधार वकास क्षेत्र | | | | | | | | | | |
| क | बस्ति वकास, आवास तथा भवन | २०७७/०७८ | १५००००० | | १५००००० | | ३००००० | १०००००० | २००००० | |
| | | २०७८/०७९ | १६५०००० | | १६५०००० | | ३३०००० | ११००००० | २२०००० | |
| | | २०७९/०८० | १८१५००० | | १८१५००० | | ३६३००० | १२१०००० | २४२००० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | १९९६५०० | | १९९६५०० | | ३९९३०० | १३३१००० | २६६२०० |
| | | २०८२/०८३ | २१९६१५० | | २१९६१५० | | ४३९२३० | १४६४१०० | २९२८२० |
| ख | सडक तथा यातायात | २०७८/०७९ | १३३३३८००० | | १३३३३८००० | | | १०००००००० | ३०३३८००० |
| | | २०७९/०८० | १४६६७१८०० | | १४६६७१८०० | | | ११०००००००| ३३३७१८०० |
| | | २०८०/०८१ | १६१३३८९८० | | १६१३३८९८० | | | १२१०००००० | ३६७०८९८० |
| | | २०८१/०८२ | १७७४७२८७८ | | १७७४७२८७८ | | | १३३१००००० | ४०३७९८७८ |
| | | २०८२/०८३ | १९५२२०१६६ | | १९५२२०१६६ | | | १४६४१०००० | ४४४१७८६६ |
| ग | वद्युत तथा बैकल्पिक उर्जा | २०७८/०७९ | १५००००० | | १५००००० | | | १०००००० | ५००००० |
| | | २०७९/०८० | १६५०००० | | १६५०००० | | | ११००००० | ५५०००० |
| | | २०८०/०८१ | १८१५००० | | १८१५००० | | | १२१०००० | ६०५००० |
| | | २०८१/०८२ | १९९६५०० | | १९९६५०० | | | १३३१००० | ६६५५०० |
| | | २०८२/०८३ | २१९६१५० | | २१९६१५० | | | १४६४१०० | ७३२०५० |
| घ | ए ककृत बस्ति  वकास | २०७८/०७९ | | | | | | | |
| | | २०७९/०८० | | | | | | | |
| | | २०८०/०८१ | | | | | | | |
| | | २०८१/०८२ | | | | | | | |
| | | २०८२/०८३ | | | | | | | |
| ४ वन तथा वातावरण क्षेत्र | | | | | | | | | |
| क | वन तथा हरियाली | २०७८/०७९ | ५००००० | | ५००००० | | १००००० | ३००००० | १००००० |
| | | २०७९/०८० | ५५०००० | | ५५०००० | | ११०००० | ३३०००० | ११०००० |
| | | २०८०/०८१ | ६०५००० | | ६०५००० | | १२१००० | ३६३००० | १२१००० |
| | | २०८१/०८२ | ६६५५०० | | ६६५५०० | | १३३१०० | ३९९३०० | १३३१०० |
| | | २०८२/०८३ | ७३२०५० | | ७३२०५० | | १४६४१० | ४३९२३० | १४६४१० |
| ख | वातावरण व्यवस्थापन | २०७८/०७९ | ५००००० | | ५००००० | | | ५००००० | |
| | | २०७९/०८० | ५५०००० | | ५५०००० | | | ५५०००० | |
| | | २०८०/०८१ | ६०५००० | | ६०५००० | | | ६०५००० | |
| | | २०८१/०८२ | ६६५५०० | | ६६५५०० | | | ६६५५०० | |
| | | २०८२/०८३ | ७३२०५० | | ७३२०५० | | | ७३२०५० | |
| ग | पार्क र हरियाली प्रवर्धन | २०७८/०७९ | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/०८० | | | | | | | |
| | | २०८०/०८१ | | | | | | | |
| | | २०८१/०८२ | | | | | | | |
| | | २०८२/०८३ | | | | | | | |
| घ | वपद् व्यवस्थापन | २०७८/०७९ | ७०००००० | ७०००००० | | | १५००००० | ५५००००० | |
| | | २०७९/०८० | ७७००००० | ७७००००० | | | १६५०००० | ६०५०००० | |
| | | २०८०/०८१ | ८४७०००० | ८४७०००० | | | १८१५००० | ६६५५००० | |
| | | २०८१/०८२ | ९३१७००० | ९३१७००० | | | १९९६५०० | ७३२०५०० | |
| | | २०८२/०८३ | १०२४८७०० | १०२४८७०० | | | २१९६१५० | ८०५२५५० | |
